**नेपाल सरकार**

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

# प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७७

मन्त्रिपरिषद्‌बाट स्वीकृत मितिः २०७५/१०/२५

पहिलो संशोधन मितिः २०७७/६/२९

**प्रस्तावनाः** मुलुकभित्र रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुऱ्याउने तथा सबैका लागि न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक सुरक्षाको व्यवस्था गर्ने उद्धेश्यले संघ, प्रदेश र स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रमको सञ्चालन गर्न नेपाल सरकारले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७७" रहेको छ।[1]

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सम्झनुपर्छ।

(ख) "कार्यक्रम" भन्नाले यसै निर्देशिका बमोजिम सञ्चालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सम्झनुपर्छ।

(ग) "निर्देशक समिति" भन्नाले ऐनको दफा १७ बमोजिमको समिति सम्झनुपर्छ।

(घ) "निर्वाह भत्ता" भन्नाले ऐनको दफा २२ बमोजिमको निर्वाह भत्ता सम्झनुपर्छ।

(ङ) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सम्झनु पर्दछ।

(च) "बेरोजगार व्यक्ति" भन्नाले एक आर्थिक वर्षमा न्यूनतम एक सय दिन रोजगारमा संलग्न नभएको वा कम्तीमा तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नरहेको अठार वर्ष देखि उनान्साठी वर्ष उमेर समूहको नागरिक सम्झनुपर्छ।

(छ) "प्रदेशको सम्बन्धित मन्त्रालय" भन्नाले प्रदेशमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा विषय हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ।

(ज) "रोजगार आयोजना" भन्नाले संघ तथा प्रदेशका विषयगत मन्त्रालय वा निकाय वा स्थानीय तह अन्तरगत सञ्चालित सार्वजनिक निर्माण वा अन्य सार्वजनिक क्षेत्रका आयोजना, वा संघ, प्रदेश र स्थानीय तीनै तहले रोजगारी सिर्जनाका लागि सञ्चालन गर्ने 'कामका लागि पारिश्रमिक' वा 'श्रमिकको ज्यालाको रकममा साझेदारी' मा आधारीत आयोजना वा तीनै तहका सरकारले निजी, सहकारी वा गैरसरकारी

---

[1] पहिलो संशोधनबाट संशोधित

क्षेत्रसंगको सहकार्य र साझेदारीमा सञ्चालित गरेका रोजगारी सिर्जनाका आयोजनाहरुलाई सम्झनुपर्छ ।

(झ) "रोजगार सेवा केन्द्र" भन्नाले बेरोजगार व्यक्तिको सूचना संकलन, रोजगारीका अवसरहरुको पहिचान र सूचना प्रवाह, रोजगारदाताको लागि श्रमिक उपलब्धताको जानकारी र रोजगार सम्बन्धी अन्य सेवा प्रदान गर्न ऐन बमोजिम स्थापना भएको रोजगार सेवा केन्द्र सम्झनुपर्छ ।

(ञ) "रोजगार संयोजक" भन्नाले रोजगार सेवा केन्द्र सञ्चालन गर्नका लागि यस निर्देशिकाको दफा ५० बमोजिम करारमा राखिएको कर्मचारी सम्झनुपर्छ ।

(ट) "लाभग्राही परिचयपत्र" भन्नाले स्थानीय तहले पहिचान गरी सूचीकृत गरेका बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा खटाउनु पूर्व प्रदान गर्ने परिचयपत्रलाई सम्झनुपर्छ ।

३. **कार्यक्रमको दीर्घकालीन सोचः** सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु यो कार्यक्रमको दीर्घकालीन सोच हुनेछ ।

४. **कार्यक्रमको लक्ष्यः** आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक संरक्षणको प्रवर्द्धन गर्नु यो कार्यक्रमको लक्ष्य हुनेछ ।

५. **कार्यक्रमको उद्देश्यः** यस कार्यक्रमको उद्देश्य देहाय अनुसार रहेका छन्ः

(क) बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने ।

(ख) दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारी तथा स्वरोजगारीको प्रवर्द्धन र विस्तार गर्ने ।

(ग) सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुबीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गर्ने ।

(घ) आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने ।

(ङ) सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने ।

(च) आन्तरिक रोजगारी सिर्जनासम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरुको पहिचना गर्ने ।

६. **कार्यक्रमको रणनीतिः** यस कार्यक्रमको कार्यान्वयन गर्न निम्नानुसारका रणनीतिहरु लिइनेछः

(क) स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागि सार्वजनिक निर्माणका कार्यहरुमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गर्ने ।

(ख) रोजगारी सिर्जनाका लागि अन्तरक्षेत्रगत तथा अन्तरतहगत समन्वय गर्ने ।

(ग) सीपमूलक तालिममार्फत बजारको माग अनुरुपको श्रमशक्ति विकास र आपूर्ति गर्ने ।

(घ) तालिम, रोजगार सूचना तथा परामर्श र वित्तीय सहयोग मार्फत रोजगार तथा स्वरोजगारका अवसरहरुको सिर्जना गर्ने ।

(घ) रोजगारी सिर्जनामा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गर्ने ।

(ङ) रोजगार व्यवस्थापन सूचना प्रणालीको स्थापना मार्फत रोजगारी सम्बन्धी क्षेत्रगत तथ्याङ्क नियमित रुपमा अद्यावधिक गरी उपयोग गर्ने ।

७. **कार्यक्रमको क्षेत्रः**

(क) यो कार्यक्रम संघ, प्रदेश र स्थानीय तीनै तहका सार्वजनिक निर्माण तथा अन्य सार्वजनिक क्षेत्रका आयोजना तथा कार्यक्रमहरुमा सञ्चालन गरिनेछ ।

(ख) संघीय सरकारका विषयगत मन्त्रालयहरु, प्रदेश सरकारका मन्त्रालयहरु र स्थानीय तहहरु आ-आफ्नो क्षेत्रभित्र यस कार्यक्रमको कार्यान्वयनमा जिम्मेवार हुनेछन् ।

(ग) यो कार्यक्रम अन्तर्गत रोजगारी सिर्जनाका प्रमुख क्षेत्रहरुमा सडक, खानेपानी, ढल व्यवस्थापन, सिंचाईं, ऊर्जा, सहरी विकास, शिक्षा, स्वास्थ्य, पूनर्निर्माण, पर्यटन, वन, सामुदायिक पूर्वाधार, कृषि तथा सहकारी, सूचना प्रविधि, वातावरण संरक्षण तथा जलवायु अनुकुलन वा रोजगार सिर्जना हुन सक्ने अन्य क्षेत्रलाई लिइनेछ ।

(घ) सार्वजनिक निर्माणका क्षेत्र बाहेक निजी, सहकारी तथा गैर सरकारी क्षेत्रमा समेत सम्बन्धित क्षेत्रसँगको सहकार्यमा रोजगारीको सिर्जना गरी न्यूनतम रोजगारीको सुनिश्चितता गर्न सकिनेछ ।

८. **कार्यक्रमका लक्षित समूहः** यस कार्यक्रमका लक्षित समूह १८ देखि ५९ वर्ष उमेर समूहको बेरोजगार व्यक्ति तथा निजको परिवार हुनेछन् ।

## परिच्छेद २
## सरोकारवाला पक्षहरुको भूमिका

९. **बेरोजगार व्यक्ति तथा परिवारः (१) बेरोजगारले निवेदन दिनुपर्नेः** कुनै पनि बेरोजगार व्यक्तिले आफू स्थायी रुपमा बसोबास गरेको गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको वडा कार्यालयमा वा रोजगार सेवा केन्द्रमा दफा १८ को उपदफा (२) बमोजिम बेरोजगार सूचीमा दर्ताका लागि निवेदन दिनु पर्नेछ ।

**(२) आवश्यक सहयोग गर्नुपर्नेः** रोजगार सेवा केन्द्रले बेरोजगार सूचीमा दर्ताका लागि निवेदन दिने व्यक्तिलाई ऊ बेरोजगार भए नभएको वा निजको परिवार निर्वाह भत्ता प्राप्त गर्न योग्य भए नभएको सम्बन्धमा थप जानकारी मागेमा वा निजसँग वा निजको परिवारको अन्य सदस्यसँग सो सम्वन्धमा सोधपुछ गर्न चाहेमा निजले रोजगार सेवा केन्द्रलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

**(३) तोकिएको काम गर्नुपर्नेः** बेरोजगार सूचीमा सूचीकृत व्यक्तिले रोजगार सेवा केन्द्रले खटाएको स्थानमा गई तोकिएको काम गर्नु पर्नेछ । यसरी तोकिएको काम नगरेमा त्यस्तो व्यक्तिलाई दफा २२ बमोजिम बेरोजगारको सूचीबाट हटाइनेछ र निजले यस निर्देशिका बमोजिमको सुविधा पाउने छैन ।

(४) **आचरण र अनुशासनको पालना गर्नुपर्ने:** उपदफा (३) बमोजिम रोजगार आयोजनामा काम गर्दा प्रत्येक श्रमिकले देहाय अनुसारको आचरण र अनुशासनको पालना गर्नु पर्नेछः

(क) समयको पालना गर्ने,

(ख) समूहमा मिलेर काम गर्ने,

(ग) सुपरिवेक्षकको निर्देशन बमोजिम कार्य गर्ने,

(घ) असल आचरण र अनुशासन कायम गर्ने,

(ङ) कार्यस्थलमा आयोजनाले उपलब्ध गराएका सुरक्षा सामाग्रीहरु लगाउने,

(च) आयोजना स्थलमा खटिएको प्राविधिकले दिएको निर्देशन बमोजिम कार्यस्थल सुरक्षाका उपायहरुको अवलम्बन गर्ने,

(छ) कार्यस्थलमा सहकर्मीसँग वा अन्य कुनै व्यक्तिसँग झैझगडा नगर्ने नगराउने,

(ज) कार्यस्थलमा साम्प्रदायिक सद्भाव विथोलिने खालका कुनै व्यवहार नगर्ने नगराउने,

(झ) कार्यस्थलमा लैंगिक, जातीय, क्षेत्रीय, धार्मिक, सांस्कृतिक तथा यौनजन्य हिंसा र विभेद नगर्ने नगराउने ।

१०. **मन्त्रालय र विषयगत मन्त्रालयहरुः** (१) यो कार्यक्रमका सम्बन्धमा आवश्यक नीति, नियम, कार्यविधि तथा मापदण्ड तर्जुमा, स्वीकृति र पुनरावलोकन गर्ने गराउने, विषयगत मन्त्रालयहरु, प्रदेश सरकार र स्थानीय तहहरुका वार्षिक बजेट तथा कार्यक्रमबाट न्यूनतम रोजगारीका लागि रोजगार आयोजना सञ्चालन गर्ने कार्यको समन्वय गर्ने र संघ, प्रदेश र स्थानीय तीनै तहमा सञ्चालन हुने कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन र प्रतिवेदन गर्ने भूमिका **मन्त्रालय**को हुनेछ ।

(२) विषयगत मन्त्रालयहरुले आ-आफ्नो नीति, कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्दा रोजगारी सिर्जनालाई प्राथमिकता दिने, आयोजनाहरुमा रोजगार सेवा केन्द्रबाट श्रमिक माग गरी काममा लगाएर काम गरेको दिनको पारिश्रमिक भुक्तानी दिने र कार्यक्रमका सम्बन्धमा मन्त्रालयलाई आवश्यक सहयोग गर्ने भूमिका निर्वाह गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम मन्त्रालय र विषयगत मन्त्रालयहरुले निर्वाह गर्ने भूमिकालाई राष्ट्रिय सोच, लक्ष्य, नीति र रणनीतिसँग सामञ्जस्यपूर्ण बनाउन **राष्ट्रिय योजना आयोग**ले आवश्यक परामर्श, समन्वय र सहयोग गर्नेछ ।

११. **प्रदेश सरकार :** प्रदेशका क्षेत्रगत मन्त्रालय तथा निकायहरुको वार्षिक बजेट तथा कार्यक्रमबाट यो कार्यक्रम अन्तर्गतका रोजगारी सिर्जना गर्ने आयोजनाहरुको तर्जुमा र कार्यान्वयन गर्ने, प्रदेशभित्रका रोजगार आयोजनाहरुको अनुगमन, मूल्यांकन तथा प्रतिवेदन गर्ने र यस कार्यक्रमको सम्बन्धमा स्थानीय तह तथा संघबीच समन्वय कायम गर्ने भूमिका प्रदेश सरकारको हुनेछ ।

१२. **स्थानीय तहः** स्थानीय तहभित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन र प्रतिवेदन गर्ने भूमिका स्थानीय तहको हुनेछ ।

१३. **निजी क्षेत्रः** निजी क्षेत्रले आफ्नो जनशक्ति आवश्यकताको पूर्वानुमान गरी सोको जानकारी रोजगार सेवा केन्द्रलाई उपलब्ध गराउने, आवश्यक जनशक्ति सम्भव भएसम्म रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुको सूचीबाट लिने, श्रम बजारको माग अनुसारका तालिम कार्यक्रमको तर्जुमा तथा कार्यान्वयनमा सम्बन्धित तहको सरकार, सहकारी संस्था लगायत सम्भावित रोजगारदाताहरुसँग समेत सहकार्य गर्ने जस्ता कार्यहरु गर्नेछन् ।

१४. **सहकारी, गैर सरकारी तथा सामुदायिक संस्थाहरु :** यो कार्यक्रम कार्यान्वयनमा सहकारी, गैर सरकारी र सामुदायिक संस्थाहरुले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहहरुसँग आवश्यकता अनुसार सहकारिता र सामुदायिकताको अवधारण अनुरुप कार्यक्रम संचालनमा सहयोगी र समन्वयात्मक भूमिका निर्वाह गर्नु पर्नेछ ।

## परिच्छेद ३
## रोजगारीका सम्भावनाको पहिचान

१५. **तथ्याङ्क संकलनः** (१) प्रत्येक गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले रोजगार सेवा केन्द्रमार्फत आफ्नो क्षेत्रभित्र संघ, प्रदेश र स्थानीय तहका वार्षिक आयोजना र कार्यक्रमहरुमा तथा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुमा समेत सिर्जना हुने रोजगारीको सूचना तथा तथ्याङ्क संकलन गर्नु पर्नेछ ।

(२) स्थानीय तहमा रहेका सार्वजनिक, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रका रोजगारदाताहरुले गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले रोजगार सेवा केन्द्र मार्फत मागे बमोजिमको सूचना तथा तथ्याङ्क समयमै उपलब्ध गराउनु पर्नेछ ।

(३) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले स्थानीय तहका सार्वजनिक, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रका रोजगारदाताहरुसँग रोजगारीका सम्बन्धमा सूचना आदान प्रदान गर्न र सूचना संकलन, प्रशोधन तथा उपयोगमा साझेदारी कायम गर्न सक्नेछ ।

१६. **अद्यावधिक लगत राख्नुपर्नेः** (१) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले संकलित सूचना तथा तथ्याङ्कका आधारमा सम्बन्धित स्थानीय तहभित्र उपलब्ध रोजगारीको अनुमानित लगत रोजगार सेवा केन्द्र मार्फत तयार गरी अद्यावधिक राख्नु पर्नेछ ।

(२) रोजगार सेवा केन्द्रले रोजगारीको लगत तयार पार्दा उपलब्ध रोजगारीका लागि आवश्यक पर्ने जनशक्तिको योग्यता, सीप र अनुभवको विवरण सहित मन्त्रालयले तोकेको ढाँचामा अद्यावधिक लगत तयार गरी राख्नु पर्नेछ ।

१७. **रोजगारीको सम्भावना अध्ययनः** मन्त्रालयले प्रदेशको सम्बन्धित मन्त्रालय र स्थानीय तहहरुसँगको समन्वय र सहकार्यमा सम्बन्धित प्रदेश र स्थानीय तहभित्र सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीका सम्भावनाहरुको पहिचान गर्दै सोका आधारमा मुलुकभरी रोजगारीको मागको प्रक्षेपण र आपूर्तिको अनुमान गरी माग र आपूर्तीबीच सन्तुलन कायम गर्न र नयाँ रोजगारीका अवसरहरुको सिर्जना गर्न सुझाव दिने गरी अध्ययन गर्न गराउन सक्नेछ ।

## परिच्छेद ४
## बेरोजगार व्यक्तिको सूचीकरण

१८. **बेरोजगार व्यक्तिको सूचीकरण प्रकृयाः** **(१) निवेदन माग गर्नुपर्नेः** रोजगार सेवा केन्द्रले स्थानीय तहभित्रका बेरोजगार व्यक्तिहरुलाई प्रत्येक वर्षको फाल्गुण महिनाभरीको म्याद तोकी अनुसूची १ बमोजिको ढाँचामा बेरोजगार दर्ताका लागि निवेदन माग गर्नु पर्नेछ ।

तर, यो कार्यक्रम लागू हुने पहिलो आर्थिक वर्षको हकमा बेरोजगार दर्ताका लागि निवेदन माग गर्ने अवधि मन्त्रालयले तोके बमोजिम हुनेछ ।

**(२) निवेदन दिनु पर्नेः** स्थानीय तहभित्रका बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन चाहने व्यक्तिले आफू स्थायी रुपमा बसोबास गरेको वडाको वडा कार्यालयमा वा स्थानीय तहको रोजगार सेवा केन्द्रमा उपदफा (१) बमोजिम आह्वान गरिए अनुरुप बेरोजगार दर्ताको निवेदन दिनु पर्नेछ ।

**(३) बेरोजगार व्यक्तिको सूची अद्यावधिक राख्नु पर्नेः** रोजगार सेवा केन्द्रले उपदफा (२) बमोजिम प्राप्त निवेदनको पन्ध्र दिनभित्र छानविन गरी बेरोजगार ठहरिएका व्यक्तिहरुको सूची रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गरी राख्नु पर्नेछ ।

**(४) लाभग्राही परिचयपत्र वितरण गर्नु पर्नेः** रोजगार सेवा केन्द्रले पहिचान गरी सूचीकृत गरेका बेरोजगार व्यक्तिहरुलाई काममा खटाउनुपूर्व अनुसूची २ बमोजिमको लाभग्राही परिचयपत्र वितरण गर्नु पर्नेछ ।

**(५) बैंक खाता खोल्नु पर्नेः**

(क) रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिले लाभग्राही परिचयपत्र पाउनु पूर्व अनिवार्य रुपमा बैंक खाता खोल्नु पर्नेछ । पहिले नै बैंक खाता भएको व्यक्तिले भने पुरानै खाता नम्बर पेश गर्न सक्नेछ ।

(ख) मन्त्रालयले बैंकिंग क्षेत्र, सम्बन्धित प्रदेश सरकार र स्थानीय तहसँगको समन्वयमा श्रमिकका लागि कुनै किसिमको शूल्क नलाग्ने गरी शून्य मौज्दातमा बैंक खाता खोल्ने व्यवस्था मिलाउनेछ ।

## परिच्छेद ५
## रोजगारी सम्बन्धी व्यवस्था

१९. **रोजगारी सिर्जना गर्नु पर्नेः** (१) नेपाल सरकार र प्रदेश सरकारका विषयगत मन्त्रालय तथा निकायहरु र स्थानीय तहहरुले आफूले सञ्चालन गर्ने विकास आयोजनाहरुको कुल बजेटको निश्चित प्रतिशत बजेट श्रमिकको ज्यालामा खर्च गर्ने व्यवस्था गर्नु पर्नेछ । नेपाल सरकार, प्रदेश मन्त्रिपरिषद् र गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले निर्णय गरी आयोजनाको प्रकृतिका आधारमा आयोजनाले पूँजीगत बजेटबाट रोजगारीमा खर्च गर्नु पर्ने बजेटको फरक फरक प्रतिशत तोक्न सक्नेछन् ।

(२) नेपाल सरकार र प्रदेश सरकारका विषयगत मन्त्रालय तथा निकायहरु र स्थानीय तहहरु सबैले रु. एक करोडसम्म लागत अनुमान भएका आयोजनाहरु सञ्चालन गर्दा प्राविधिक दृष्टिकोणबाट मेशिनको प्रयोग नगरी सम्भव नहुने भनी तोकिएको प्राविधिक टोलीले सिफारिस गरेको अवस्थामा बाहेक सबै आयोजनाहरुमा श्रमिकको उपलब्धता भएसम्म श्रममूलक प्रविधिको प्रयोग गर्नु पर्नेछ ।

यस प्रयोजनका लागि कुनै आयोजनाले मेशिन प्रयोग गर्नुपर्ने अवस्थामा सम्बन्धित आयोजना सञ्चालन भएको संघको विषयगत मन्त्रालय वा प्रदेशको विषयगत मन्त्रालय वा गाउँ कार्यपालिकाको कार्यालय वा नगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ । उक्त निवेदनका आधारमा संघको विषयगत मन्त्रालय वा प्रदेशको विषयगत मन्त्रालय वा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले आफै वा आफू मातहतको कार्यालयबाट प्राविधिक टोली खटाई वा खटाउन लगाई मेशिन प्रयोग गर्नुपर्ने वा नपर्ने विषयको अध्ययन गर्न लगाउनु पर्नेछ ।

(३) मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय र गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालयले आफ्ना नियमित आयोजना तथा कार्यक्रम बाहेक रोजगारी सिर्जना गर्ने उद्देश्यले ‘कामका लागि पारिश्रमिक (Cash for Work)’ मा आधारित रोजगार आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्न वा प्राथमिकताको सूचीमा रहेका बेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराउन सार्वजनिक क्षेत्रका कार्यान्वयनको क्रममा रहेका नियमित आयोजनामा ‘श्रमिकको ज्यालाको रकममा साझेदारी (Labour Wage Sharing)’ गरी रोजगार कार्यक्रमको कार्यान्वयन गर्न सक्नेछन् ।

२०. **श्रमिक माग गर्नुपर्नेः** (१) नेपाल सरकार र प्रदेश सरकारका विषयगत मन्त्रालयहरु र स्थानीय तह अन्तर्गतका सार्वजनिक निर्माण वा सार्वजनिक क्षेत्रका अन्य आयोजनाहरुले आ-आफ्ना कार्यक्रमहरु कार्यान्वयन गर्दा आवश्यक पर्ने श्रमिक अनुसूची ३ बमोजिमको फाराम भरी रोजगार सेवा केन्द्रबाट माग गर्नु पर्नेछ ।

(२) ठेक्का प्रक्रियाबाट कार्यान्वयन हुने सार्वजनिक क्षेत्रका आयोजनामा ठेक्का प्राप्त गर्ने निर्माण व्यवसायीले आयोजना निर्माण गर्न आवश्यक पर्ने अदक्ष श्रमिक आयोजना प्रमुख मार्फत सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्रसँग माग गरी काममा लगाउनु पर्नेछ ।

(३) निर्माण व्यवसायीले उपदफा (२) बमोजिमका आयोजना निर्माणमा आवश्यक पर्ने अर्धदक्ष र दक्ष श्रमिक समेत उपलब्ध भएसम्म सम्बन्धित रोजगार सेवा केन्द्रबाटै माग गरी काममा लगाउनु पर्नेछ ।

(४) उपदफा (२) र (३) का व्यवस्थाहरुलाई कार्यान्वयन गर्न आयोजना प्रमुखले निर्माण व्यवसायीसँग गर्ने ठेक्का सम्झौतामै आवश्यक शर्तहरु समावेश गर्नु पर्नेछ ।

२१. **काममा खटाउनु पर्ने:** (१) दफा २० बमोजिम श्रमिक माग भई आएपछि रोजगार सेवा केन्द्रले माग प्राप्त भएको सात दिन भित्र बेरोजगारको सूचीमा सूचीकृत व्यक्तिहरुलाई सम्बन्धित आयोजनाहरुमा लाभग्राही परिचयपत्र सहित काम गर्न खटाउनु पर्नेछ ।

(२) सूचीकृत बेरोजगार व्यक्तिहरुलाई काममा खटाउँदा देहाय अनुसारको स्थानको आयोजनामा क्रमशः खटाउनु पर्नेछः

(क) श्रमिक माग भई आएका आयोजना मध्ये बेरोजगार व्यक्ति बसोबास गरेको स्थानबाट सबैभन्दा नजिक पर्ने तथा पहुँच सहज हुने सम्बन्धित वडाभित्र सञ्चालन भएको आयोजनामा,

(ख) सम्बन्धित स्थानीय तहभित्र सञ्चालन भएको आयोजनामा,

(ग) सम्बन्धित स्थानीय तहभित्र सञ्चालन भएको बेरोजगार व्यक्तिको रुची, अनुभव र क्षमता अनुकुलको आयोजनामा,

(घ) सूचीकृत बेरोजगार व्यक्ति सबैलाई सम्बन्धित स्थानीय तहभित्रै रोजगारी दिन नसकिने र सो स्थानीय तहभन्दा बाहिर आफ्नै जिल्लाभित्रको कुनै स्थानीय तहबाट श्रमिक माग भई आएको अवस्थामा सो स्थानीय तह रहेको जिल्लाभित्रको सबभन्दा नजिक पर्ने स्थानको आयोजनामा,

(ङ) कुनै पनि स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिहरुबाट मात्र काम गराउन श्रमिक पर्याप्त नभएर सो स्थानीय तहले श्रमिक उपलब्ध गराउन सक्ने स्थानीय तहलाई श्रमिक माग गरी पठाएमा सम्बन्धित स्थानीय तहले आफ्नो क्षेत्रभित्र न्यूनतम रोजगारी प्राप्त हुन नसकेको भनी गरेको सिफारिसका आधारमा देशभरको जुनसुकै स्थानको रोजगार आयोजनामा ।

(३) उपदफा (१) बमोजिम बेरोजगार व्यक्तिलाई काममा खटाउँदा उपलब्ध रोजगारीका अवसरहरु सूचीकृत सबै बेरोजगार व्यक्तिका लागि पर्याप्त नभएको अवस्थामा देहाय बमोजिमको प्राथमिकताक्रममा क्रमशः खटाउनु पर्नेछः

(क) कृषि उत्पादनले वर्षमा ३ महिना खान नपुग्ने कृषिमा आश्रित परिवारको सदस्य,

(ख) बसोवासका लागि आफ्नै घर नभएको परिवारको सदस्य,

(ग) एकल महिला घरमूली भएको परिवारको सदस्य,

(घ) दलित, अल्पसंख्यक वा लोपोन्मुख समुदायको परिवारको सदस्य,

(ङ) वार्षिक न्यूनतम रोजगारी बापत प्राप्त हुने पारिश्रमिक भन्दा कम नगद आय भएको परिवारको सदस्य,

(च) कोहि पनि सदस्यले न्यूनतम रोजगारी नपाएको वा सो बराबरको आम्दानी हुने गरी स्वरोजगार नभएको परिवारको सदस्य,

(छ) शहिद परिवार तथा बेपत्ता परिवारको सदस्य,

(ज) परिवारमा काम गर्ने उमेर (१८-५९) को वा काम गर्न सक्ने शारीरिक अवस्था भएको अन्य सदस्य नभएको परिवारको सदस्य,

(झ) महिला बेरोजगार व्यक्ति,

(ञ) अन्य बेरोजगार व्यक्ति ।

(४) रोजगार सेवा केन्द्रले उपदफा (३) बमोजिमका आधारहरु अनुरुप तयार पारेको बेरोजगार व्यक्तिको अद्यावधिक सूची गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले निर्णय गरी सार्वजनिक गर्नु पर्नेछ ।

२२. **बेरोजगार व्यक्तिको सूचीबाट हटाइने:** (१) कुनै बेरोजगार व्यक्तिले रोजगार आयोजनाले निजलाई खटाइए बमोजिमको काम गर्न इन्कार गरेमा वा दफा ९ को उपदफा (४) बमोजिमको आचरण र अनुशासनको पालना नगरेमा सो व्यहोरा सम्बन्धित आयोजनाले सम्बन्धित रोजगार सेवा केन्द्रमा लेखी पठाउनु पर्नेछ । सोही आधारमा सम्बन्धित रोजगार सेवा केन्द्रले निजलाई बेरोजगार व्यक्तिको सूचीबाट हटाउनु पर्नेछ ।

(२) कुनै बेरोजगार व्यक्ति रोजगार सेवा केन्द्रमा सूचीकृत भएपछि काममा खटाइनु पूर्व वा खटाइसकेपछि निज अन्यत्र रोजगारीका लागि गएमा निजले रोजगार सेवा केन्द्रमा सोको जानकारी गराउनु पर्नेछ र सोहि आधारमा रोजगार सेवा केन्द्रले निजलाई बेरोजगार व्यक्तिको सूचीबाट हटाउनु पर्नेछ ।

२३. **श्रमिक माग गर्न सक्ने:** स्थानीय तहभित्रका निजी, सहकारी तथा गैर सरकारी संस्थाहरुले अनुसूची ४ बमोजिमको फाराम भरी आफूलाई आवश्यक पर्ने योग्यता, क्षमता, अनुभव तथा सीप भएको श्रमिक रोजगार सेवा केन्द्रमा माग गरी पठाउन सक्नेछन् ।

२४. **श्रमिक छनौट गर्न सक्ने:** (१) दफा २३ बमोजिम श्रमिक माग गरी पठाएमा रोजगार सेवा केन्द्रले माग भए बमोजिम उपलब्ध बेरोजगार व्यक्तिहरुको सूची त्यस्तो संस्थालाई उपलब्ध गराउनु पर्नेछ ।

(२) श्रमिक माग गर्ने संस्थाले उपदफा (१) बमोजिम प्राप्त सूचीबाट उपयुक्त श्रमिक छनौट गरी काममा लगाउन सक्नेछन् । यसरी श्रमिक छनौट गर्दा संस्थाले आवश्यकता अनुसारको छनौट विधिको अवलम्बन गर्न सक्नेछ ।

## परिच्छेद ६
## सार्वजनिक निर्माण कार्यको व्यवस्थापन

२५. **श्रमिक समूह गठन गरी काममा लगाउनु पर्ने:** (१) रोजगार आयोजनाहरुले कामको प्रकृति र आवश्यकता अनुसार आयोजनाको कामलाई विभिन्न खण्डमा विभक्त गरी एक खण्डको काम १० देखि १५ जनासम्मको एउटा श्रमिक समूहले गर्ने गरी विभिन्न श्रमिक समूहहरु गठन गरेर जिम्मा दिनु पर्नेछ ।

(२) प्रत्येक श्रमिक समूहमा समूहका सदस्यहरु मध्येबाट छानिएको एकजना व्यक्ति समूह नेता रहनेछ ।

(३) समूह नेताले श्रमिक समूहको सदस्यहरुको दैनिक हाजिरी गराउने, अभिलेख राख्ने र सम्बन्धित रोजगार सेवा केन्द्रलाई सोको प्रतिवेदन मासिक रुपमा प्रत्येक महिनाको सात गते भित्र पेश गर्ने कार्य गर्नेछ ।

(४) समूह नेताले तोकिएको कामका अतिरिक्त कार्यस्थलमा अरु श्रमिक सरह लगाइएको दैनिक काम समेत गर्नु पर्नेछ ।

(५) ठेक्का मार्फत हुने कार्यहरुमा समेत सम्बन्धित निकायले बोलपत्र दस्तावेज तथा ठेक्का सम्झौतामा यसै दफा बमोजिम गर्नु गराउनु पर्नेछ ।

२६. **अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने:** सम्वन्धित रोजगार आयोजना वा कार्यक्रम प्रमुखले रोजगार सेवा केन्द्रसँग समन्वय गरी श्रमिकका लागि दफा ५८ बमोजिमको अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

२७. **पारिश्रमिक निर्धारण र भूक्तानी:** (१) श्रमिकहरुको कामबापतको पारिश्रमिक निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक कायम हुनेछ ।[2]

(२) रोजगारी उपलब्ध गराउने आयोजना वा कार्यक्रम प्रमुखले उपलब्ध गराएको रोजगारीको दिनका आधारमा मासिक रुपमा प्रत्येक महिनाको पाँच गतेभित्र अघिल्लो महिनाको पारिश्रमिक भुक्तानी गरिसक्नु पर्नेछ । ठेक्का मार्फत संचालित काममा समेत सम्बन्धित ठेकेदारले यसै अनुसार श्रमिकको पारिश्रमिक भुक्तानी गरी सोको विवरण सात दिनभित्र आयोजना प्रमुखलाई बुझाउनु पर्नेछ ।

(३) आयोजना वा कार्यक्रम प्रमुखले उपदफा (२) बमोजिम प्राप्त भुक्तानीको विवरण सात दिन भित्र रोजगार सेवा केन्द्रमा पठाउनु पर्नेछ ।

२८. **बैंक खातामार्फत भुक्तानी गर्नु पर्ने:** (१) श्रमिकलाई रोजगार बापतको पारिश्रमिक भुक्तानी गर्दा बैंक खातामार्फत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बैंक खाता मार्फत रकम भुक्तानी गर्न सम्भव नहुने विशेष अवस्थामा सम्वन्धित स्थानीय तहले सो व्यहोरा निर्णय गरी नगदमै भुक्तानी गर्ने व्यवस्था गर्न सक्नेछ ।

---

[2] पहिले संशोधनबाट हटाइएका

२९. **कामको नियमित सुपरीवेक्षण गर्नु पर्नेः** (१) सम्बन्धित स्थानीय तह वा आयोजना प्रमुले आफ्नो क्षेत्रभित्र संचालित रोजगार आयोजनामा कार्य गर्न खटाइएका श्रमिक समूहको कामको नियमित रुपमा सुपरीवेक्षण गर्नु पर्नेछ ।

(२) रोजगार आयोजना सञ्चालन गर्ने निकायले सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्रसँगको समन्वयमा सुपरीवेक्षणको कार्य गर्ने गरी आफ्नो उपयुक्त प्राविधिक कर्मचारीलाई तोक्नु पर्नेछ ।

३०. **प्रतिवेदन पेश गर्नुपर्नेः** दफा २९ को उपदफा (२) बमोजिम तोकिएको सुपरीवेक्षणकर्ता कर्मचारीले रोजगार आयोजनाको देहायका पक्षहरुको सुपरीवेक्षण गरी अनुसूची ५ बमोजिमको प्रतिवेदन तयार गरी गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछः

(क) रोजगार आयोजनाको प्राविधिक उपयुक्तता र गुणस्तर,

(ख) श्रमिकहरुको आन्तरिक व्यवस्थापन, कार्यस्थल सुरक्षा र प्राथमिक उपचारको व्यवस्था,

(ग) रोजगार आयोजनाको लक्ष्यको तुलनामा सम्पादित कामको परिमाण,

(घ) आयोजनाले रोजगारी सिर्जना गरेको श्रमिकको संख्या र कार्यदिन, र

(ङ) आयोजना कार्यान्वयनमा रहेका कमजोरी र सुधारका लागि पृष्ठपोषण ।

३१. **स्थलगत अनुगमन गर्न सक्नेः** मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय र स्थानीय तहले समय समयमा यस कार्यक्रम अन्तरगतका रोजगार आयोजनाहरुको स्थलगत अनुगमन गर्न गराउन सक्नेछन् ।

३२. **आवश्यक सहयोग गर्नुपर्नेः** दफा २९ बमोजिमको सुपरीवेक्षण तथा दफा ३१ बमोजिमको अनुगमन कार्यमा सम्बन्धित आयोजना प्रमुखले आवश्यक सूचना, तथ्याङ्क, कागजात तथा अभिलेख उपलब्ध गराई सहयोग गर्नु पर्नेछ ।

## परिच्छेद ७

## रोजगार सहायता कार्यक्रम

३३. **रोजगार सूचना उपलब्ध गराउनु पर्ने :** (१) बेरोजगार व्यक्तिलाई रोजगार सेवा केन्द्रले निजले माग गरेको अवस्थामा रोजगारी सम्बन्धी सूचना तथा परामर्श उपलब्ध गराउनु पर्नेछ ।

(२) स्थानीय तहभित्र रहेका रोजगारदाताले श्रमिको उपलब्धता बारेको सूचना माग गरेमा रोजगार सेवा केन्द्रले उपलब्ध गराउनु पर्नेछ ।

(३) रोजगारदाताले श्रमिकको पदपूर्तिका लागि विज्ञापन गर्दा सो अगावै त्यस सम्बन्धी विस्तृत सूचना रोजगार सेवा केन्द्रमा पठाउनु पर्नेछ ।

तर यो व्यवस्थाले निजी रोजगारदातालाई सक्षम र प्रतिस्पर्धी व्यक्ति छनौटका लागि सार्वजनिक रुपमा विज्ञापन प्रकाशन गरी पदपूर्ति गर्न बाधा पर्ने छैन ।

(४) रोजगार सेवा केन्द्रले आफ्नो स्थानीय तहभित्रका सूचीकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारीको खोजीका लागि सूचना तथा जानकारी एवं परामर्श उपलब्ध गराउने तथा निजी,

सहकारी तथा गैर सरकारी क्षेत्रमा उपलब्ध रोजगारीमा संलग्न गराउने सम्बन्धमा आवश्यक सहयोग गर्नु पर्नेछ।

३४. **रोजगारीका लागि निजी क्षेत्रसँग सहकार्य :** (१) श्रमिक आवश्यकताको अध्ययन र तालिम संचालन गर्न सक्ने : मन्त्रालय आफू मातहतका विभाग, कार्यालय तथा तालिम प्रतिष्ठानहरु मार्फत आन्तरिक रोजगारी प्रवर्धन गर्न निजी क्षेत्रसँग सहकार्य र साझेदारीमा दफा ५१ बमोजिम श्रमिको आवश्यकताको अध्ययन र दफा ५२ बमोजिमका तालिमहरुको संचालन गरी तालिम प्राप्त बेरोजगार व्यक्तिलाई उद्योग, प्रतिष्ठानहरुमा रोजगारीका लागि खटाउन सक्नेछ।

(२) उद्योग, प्रतिष्ठानहरुलाई वित्तीय प्रोत्साहन गर्न सकिने :

(क) कुनै उद्योग, प्रतिष्ठानले श्रमिकलाई नियमित रोजगारी दिने शर्तमा निश्चित अवधिका लागि प्रशिक्षार्थी श्रमिकका रुपमा राखी तालिम प्रदान गर्न चाहेमा सो अवधिको श्रमिकको न्यूनतम तलबको निश्चित प्रतिशत रकम सम्बन्धित उद्योग, प्रतिष्ठानलाई वित्तीय प्रोत्साहनका रुपमा उपलब्ध गराउने गरी मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय वा स्थानीय तहले कार्यक्रम संचालन गर्न सक्नेछ।

(ख) यस दफा बमोजिम उद्योग, प्रतिष्ठानहरुलाई वित्तीय प्रोत्साहन गर्ने सम्बन्धमा मन्त्रालयले छुट्टै कार्यविधि बनाई कार्यान्वयन गर्नेछ।

**३५. कबुलियतनामा गर्नुपर्ने:** (१) दफा ३४ को उपदफा (१) बमोजिम तालिम लिने बेरोजगार व्यक्तिले तालिम प्राप्त गरे पछि अनिवार्य रुपमा कम्तिमा तीन वर्ष सम्बन्धित प्रतिष्ठानमा आफ्नो सीप र योग्यता बमोजिमको काम गर्नेछु भनी अनुसूची ६ बमोजिमको कबुलियतनामा गर्नु पर्नेछ। कबुलियतनामा बमोजिम रोजगारी नगर्ने व्यक्तिबाट तालिम बापत खर्च भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(२) दफा ३४ को उपदफा (२) बमोजिम वित्तीय प्रोत्साहन लिने प्रतिष्ठानहरुले प्रशिक्षार्थी श्रमिकलाई तालिम अवधि समाप्त भएपछि कम्तिमा तीन वर्ष श्रमिकको योग्यता र सीप अनुसारको नियमित रोजगारी उपलब्ध गराउनेछु भनी अनुसूची ७ बमोजिमको कबुलियतनामा गर्नु पर्नेछ। कबुलियतनामा बमोजिम रोजगारी उपलब्ध नगराउने प्रतिष्ठानबाट प्रशिक्षार्थी श्रमिक राखे बापत उपलब्ध गराइएको वित्तीय सुविधा बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

## परिच्छेद ८
## संरचनागत व्यवस्था

**३६. श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयः** (१) यो कार्यक्रमको सञ्चालन, व्यवस्थापन, निर्देशन र नियन्त्रण गर्ने मुख्य जिम्मेवारी मन्त्रालयको हुनेछ।

(२) मन्त्रालयले नेपाल सरकारका अन्य विषयगत मन्त्रालय तथा निकायहरु, प्रदेश सरकार र स्थानीय तहहरुसँगको सहकार्य, समन्वय र सहयोगमा कार्यक्रमको नीति, योजना,

मापदण्ड र कार्यविधिहरु तर्जुमा गर्ने, आवश्यक संरचनाको व्यवस्था गर्ने र कार्यक्रम कार्यान्वयनको संयोजन गर्ने कार्य गर्नेछ ।

३७. **आन्तरिक रोजगार व्यवस्थापन महाशाखाः** (१) मन्त्रालयमा आन्तरिक रोजगारीको प्रवर्द्धन सम्बन्धी कार्य गर्न आन्तरिक रोजगार व्यवस्थापन महाशाखा रहनेछ ।

(२) प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनको जिम्मेवारी आन्तरिक रोजगार व्यवस्थापन महाशाखाको हुनेछ ।

(३) आन्तरिक रोजगार व्यवस्थापन महाशाखा प्रमुखले प्रधानमन्त्री रोजगार कार्यक्रमको राष्ट्रिय कार्यक्रम निर्देशकका रुपमा कार्य गर्नेछ ।

(४) आन्तरिक रोजगार व्यवस्थापन महाशाखाले अन्य कार्यका अतिरिक्त प्रधानमन्त्री रोजगार कार्यक्रमका देहाय अनुसारका कार्यहरु गर्नेछः

(क) कार्यक्रमको लागि आवश्यक पर्ने नीति, कानून, योजना, कार्यक्रम तथा मापदण्डहरुको तर्जुमा, कार्यान्वयन र पुनरावलोकन गर्ने गराउने,

(ख) कार्यक्रमका सम्बन्धमा अन्य विषयगत मन्त्रालय तथा निकायहरु, प्रदेशको सम्बन्धित मन्त्रालय, स्थानीय तहहरु तथा निजी, सहकारी र गैरसरकारी क्षेत्रसँग आवश्यक समन्वय, साझेदारी र सहकार्य कायम गर्ने,

(ग) रोजगारी मागको प्रक्षेपण तथा उपलब्ध जनशक्तिको विश्लेषण गरी श्रम शक्तिको माग र आपूर्ति बीचको अन्तर पुरा गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने गराउने,

(घ) कार्यक्रमको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयन गर्ने गराउने,

(ङ) बेरोजगार व्यक्तिको पहिचान र सूचीकरणको मापदण्ड तथा आधारहरु तर्जुमा एवं पुनरावलोकन गर्ने गराउने,

(च) रोजगार सेवा केन्द्र र प्रदेशको सम्बन्धित मन्त्रालयसँगको समन्वय र सहकार्यमा मुलुकभरीको बेरोजगार व्यक्तिको अद्यावधिक तथ्याङ्क संकलन गराउने तथा अभिलेख राख्न लगाउने,

(छ) स्थानीय तह, प्रदेश र मन्त्रालय स्तरमा एकीकृत एवं अद्यावधिक तथ्याङ्कको उपलब्धता सुनिश्चित गर्न प्रभावकारी रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास गरी कार्यान्वयन गर्ने गराउने,

(ज) ऐनले व्यवस्था गरेका रोजगार सहायता कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने गराउने,

(झ) बेरोजगार व्यक्तिलाई कार्यक्रम अन्तर्गत रोजगारीमा लगाउन वा बजारको माग अनुरुपको रोजगारीमा संलग्न गराउन वा स्वरोजगार बनाउन आवश्यक अभिमुखीकरण तथा व्यवसायिक एवं सीपमूलक तालिम कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने गराउने,

(ञ) न्यूनतम रोजगारी प्राप्त गर्न नसक्ने सूचीकृत बेरोजगार व्यक्तिहरुका लागि निर्वाह भत्ता वितरणको आवश्यक व्यवस्था मिलाउने,

(ट) कार्यक्रममा मन्त्रालय र अन्तर्गतका निकायबाट भएको खर्चको लेखापालन र लेखापरीक्षण गरी गराई सोको प्रतिवेदन सार्वजनिक गर्ने गराउने,

(ठ) सबै स्थानीय तहहरुमा रोजगार सेवा केन्द्रहरुको स्थापना, श्रोत तथा जनशक्ति व्यवस्थापन, सञ्चालन, क्षमता विकास र सहजीकरण गर्ने,

(ड) नागरिकहरुमा कामलाई सम्मान गर्ने संस्कृतिको विकास गर्न "श्रमको सम्मान राष्ट्रको अभियान" लगायतका सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गराउने,

(ढ) कार्यक्रमका सम्बन्धमा संचार र सचेतीकरणका लागि आम संचार जगत, नागरिक समाज, सामाजिक परिचालन आदिद्वारा सूचनाको विकास र सम्प्रेषण गर्ने गराउने,

(ण) बेरोजगारको सूचीमा सूचिकृत कुनै पनि व्यक्तिले आफूसँग रहेको सीप वा दक्षता प्रमाणित गर्न गराउन चाहेमा सीप परीक्षण गर्ने निकाय मार्फत परीक्षण र सोको प्रमाणपत्र प्रदान गर्ने व्यवस्था मिलाई सोको लगत तयार गर्ने गराउने,

(त) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा आवधिक एवं आवश्यकता अनुसार समय समयमा मूल्यांकन गर्ने गराउने,

(थ) कार्यक्रमको वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय मार्फत प्रधानमन्त्री समक्ष पेश गर्ने ।

३८. **विषयगत मन्त्रालयहरुः** (१) यो कार्यक्रमको कार्यान्वयनमा विषयगत मन्त्रालयहरुको भूमिका देहाय अनुसार हुनेछ :

(क) आफ्नो मन्त्रालय अन्तर्गत आयोजनाहरुमा खर्च गर्न विनियोजन भएको बजेटबाट सिर्जना हुने रोजगारको पूर्वानुमान गरी सोको जानकारी मन्त्रालयलाई गराउने,

(ख) आफ्नो मन्त्रालय र अन्तर्गतको बजेट तर्जुमा गर्दा रोजगारी सिर्जनालाई प्राथमिकता दिई गर्ने गराउने,

(ग) आफ्नो मन्त्रालय र अन्तर्गतका नीति, योजना, कार्यक्रम तथा आयोजनाहरुको तर्जुमा र कार्यान्वियन गर्ने क्रममा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग र नयाँ रोजगारी सिर्जना हुने गरी गर्ने गराउने,

(घ) प्रधानमन्त्री रोजगार कार्यक्रमले मागेको सूचना तथा तथ्याङ्क, जानकारी, सहयोग र परामर्श प्राथमिकताका साथ समयमै उपलब्ध गराउने,

(ङ) आफू मातहतका निकायहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयन गर्न गराउन आवश्यक निर्देशन दिने,

(च) आफू मातहतका निकायहरुबाट सञ्चालन भएका रोजगार आयोजनाहरुको अनुगमन तथा मूल्यांकन गरी सोको प्रतिवेदन चौमासिक रुपमा निर्देशक समितिसमक्ष पेश गर्ने,

(छ) प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आवश्यक पर्ने समन्वय र सहयोग उपलब्ध गराउने ।

(२) यो कार्यक्रममा उपदफा (१) बमोजिमको विषयगत मन्त्रालयहरुको भूमिका कार्यान्वयन गर्न र अन्तरमन्त्रालय समन्वय र सहयोग सुनिश्चित गर्न हरेक विषयगत मन्त्रालयले सो मन्त्रालयको नीति तथा योजना हेर्ने महाशाखा प्रमुखलाई प्रधानमन्त्री रोजगार कार्यक्रमको सम्पर्क अधिकृत तोक्नु पर्नेछ ।

३९. **श्रम तथा व्यवसायजन्य सुरक्षा विभागः** श्रम तथा व्यवसायजन्यसुरक्षा विभागले दफा ५१ बमोजिमको औद्योगिक तथा व्यावसायिक क्षेत्रमा श्रमिक आवश्यकताको अध्ययन गर्न आवश्यक सहयोग र सहजीकरण गर्नेछ ।

४०. **श्रम तथा रोजगार कार्यालयः** श्रम तथा रोजगार कार्यालयले मन्त्रालयको निर्देशनमा दफा ५१ बमोजिम आफ्नो क्षेत्रभित्रका औद्योगिक तथा व्यवसायिक क्षेत्रहरुमा जनशक्ति आवश्यकताको अध्ययन गर्ने गराउने कार्य गर्नेछ ।

४१. **प्रदेश सरकारः** (१) प्रदेशको क्षेत्राधिकार भित्रका कार्यक्रमहरुमा रोजगारी सिर्जना गरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सहयोग गर्नु प्रदेश सरकारको जिम्मेवारी हुनेछ ।

(२) उपदफा (१) को जिम्मेवारी पुरा गर्न प्रदेश सरकारले आफ्नो नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्दा रोजगारी सिर्जनालाई प्राथमिकता दिनु पर्नेछ ।

(३) प्रदेश सरकारले यस कार्यक्रम अन्तर्गत नियमित बजेट तथा कार्यक्रम कार्यान्वयनबाट रोजगारी सिर्जना गर्ने बाहेक सार्वजनिक निर्माण कार्यमा कामका लागि पारिश्रमिकको ढाँचामा रोजगारी सिर्जनाका अलग्गै आयोजनाहरु समेत तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

(४) प्रदेश सरकारले बेरोजगार व्यक्तिहरुका लागि ऐनले तोकेका रोजगार सहायता कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

४२. **प्रदेशको सम्बन्धित मन्त्रालयः** (१) प्रदेशभित्र प्रदेश सरकारको बजेट कार्यक्रमबाट सञ्चालन हुने यस कार्यक्रम अन्तर्गतका रोजगार आयोजनाहरुको समग्र व्यवस्थापन गर्ने जिम्मेवारी प्रदेशको सम्बन्धित मन्त्रालयको हुनेछ ।

(२) प्रदेशको सम्बन्धित मन्त्रालयले यस कार्यक्रमसँग सम्बन्धित देहाय अनुसारका कार्यहरु गर्नेछः

(क) प्रदेशभित्र आन्तरिक रोजगारीको आवश्यकताको प्रक्षेपण र उपलब्ध जनशक्तिको विश्लेषणका आधारमा प्रादेशिक रोजगार व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन गर्ने गराउने,

(ख) प्रदेशका विषयगत मन्त्रालयहरुसँगको समन्वयमा प्रदेशभित्र आन्तरिक रोजगारी सिर्जना गर्न आवश्यक पहल गर्ने,

(ग) प्रदेश सरकारको नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा रोजगारी सिर्जनालाई प्राथमिकता दिन मन्त्रालयहरु बीच आवश्यक समन्वय गर्ने,

(घ) प्रदेशभित्र सार्वजनिक निर्माण लगायतका प्रदेश सरकारको बजेटमा कार्यान्वयन हुने कार्यक्रममा श्रम प्रधान प्रविधिको प्रयोगलाई प्राथमिकता दिन आवश्यक नीतिगत पहल गर्ने,

(ङ) प्रदेश सरकारका विषयगत मन्त्रालय र मातहतका निर्देशनालय तथा कार्यालयहरुबाट सञ्चालन हुने रोजगार आयोजनाहरुको समन्वय, सहजीकरण, अनुगमन र मूल्यांकन गर्ने गराउने,

(च) अन्य क्षेत्रबाट रोजगारी सिर्जना हुन नसकेका स्थानहरुका लागि र रोजगारीको अवसर प्राप्त नगर्ने व्यक्तिहरुको लागि यस कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिक ढाँचामा सार्वजनिक निर्माणको कार्यमा छुट्टै रोजगार आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,

(छ) स्थानीय तह र रोजगार सेवा केन्द्रसँगको समन्वयमा प्रदेशभरीको बेरोजगार व्यक्तिहरुको अद्यावधिक सूची र रोजगारदाताहरुको तथ्याङ्कको अभिलेख राख्न रोजगार व्यवस्थापन सूचना प्रणालीको सञ्चालन गर्ने गराउने,

(ज) प्रदेश तहबाट कार्यान्वयन भएका रोजगार कार्यक्रमहरुको प्रगतिको नियमित समीक्षा तथा मूल्यांकन गरी सोको प्रतिवेदन वार्षिक रुपमा सार्वजनिक गर्ने र मन्त्रालयमा पेश गर्ने,

(झ) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत अभिमुखीकरण र व्यावसायिक तथा सीपमूलक तालिमको सञ्चालन गर्ने गराउने,

(ञ) प्रदेशभित्र निजी क्षेत्रको माग बमोजिमको जनशक्ति विकास गरी रोजगारीमा संलग्न गराउन आवश्यक नीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ट) यस कार्यक्रमको कार्यान्वयनका लागि नेपाल सरकारलाई आवश्यक समन्वय र सहयोग गर्ने,

(ठ) यस कार्यक्रमको सम्बन्धमा स्थानीय तहहरुलाई आवश्यक समन्वय, सहयोग र सहजीकरण गर्ने ।

४३. **स्थानीय तहः** (१) यस कार्यक्रमको कार्यान्वयनमा स्थानीय तहको क्षेत्रभित्र रहेका बेरोजगार व्यक्ति र रोजगारदाताको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने, स्थानीय तहको बजेट तथा कार्यक्रमबाट स्थानीय रोजगारी सिर्जना गर्ने र तथ्याङ्कको साझेदारी, कार्यक्रमको अनुगमन र प्रतिवेदन गर्ने कार्यमा प्रदेश सरकार र नेपाल सरकारलाई आवश्यक सहयोग गर्ने जिम्मेवारी प्रत्येक स्थानीय तहको हुनेछ ।

(२) यस्तो जिम्मेवारी निर्वाह गर्न स्थानीय तहले देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछः

**(अ) गाउँ कार्यपालिका वा नगर कार्यपालिका**

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रावधान बमोजिम आफ्नो क्षेत्रभित्रका बेरोजगार व्यक्तिहरुको तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने गराउने,

(ख) वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहभित्र रोजगारी सिर्जनालाई प्राथमिकता दिने,

(ग) प्राविधिक रुपले मेशिनको प्रयोग नगरी नहुने काम बाहेकका स्थानीय आयोजनाहरुको निर्माण श्रममूलक प्रविधिको प्रयोगबाट गर्ने नीति स्वीकृत गरी कार्यान्वयन गर्ने,

(घ) वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा सिर्जना हुने रोजगारीमा रोजगार सेवा केन्द्रबाट बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत श्रमिक माग गरी काममा लगाउने,

(ङ) काममा लगाइएका बेरोजगार व्यक्तिहरुको काम गरेको दिनको पारिश्रमिक बैंकिंग प्रणालीमार्फत समयमै भुक्तानी दिने व्यवस्था मिलाउने,

(च) यस कार्यक्रमको कार्यान्वयनका लागि मन्त्रालय र प्रदेशको सम्बन्धित मन्त्रालयसँग आवश्यक समन्वय, सहयोग र सहकार्य गर्ने,

(छ) रोजगारी सिर्जनाका लागि स्थानीय तहका निजी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय, साझेदारी र सहकार्य गर्ने,

(ज) नियमित कार्यक्रम अन्तर्गतका आयोजनामा सिर्जना भएका रोजगारीका अवसरहरु सूचिकृत बेरोजगार व्यक्तिहरुका लागि पर्याप्त नभएमा थप

रोजगारी सिर्जना गर्न कामका लागि पारिश्रमिक ढाँचामा छुट्टै रोजगार आयोजनाहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,

(झ) मन्त्रालय र व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानसँगको समन्वयमा बजारको माग अनुरुपको व्यावसायिक तथा सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्ने गराउने,

(ञ) बेरोजगार व्यक्तिहरुका लागि सञ्चालन गरिने रोजगार सहायता कार्यक्रमहरुमा मन्त्रालय र प्रदेशको सम्बन्धित मन्त्रालयलाई आवश्यक सहयोग गर्ने,

(ट) रोजगार सेवा केन्द्रलाई आवश्यक निर्देशन दिने तथा यसको प्रभावकारी सञ्चालनका लागि आवश्यक सहयोग, सहजीकरण र समन्वय गर्ने,

(ठ) बेरोजगार व्यक्तिहरुको पहिचानमा सिर्जना हुने विवादका सम्बन्धमा रोजगार सेवा केन्द्रबाट पेश भई आएकोमा विस्तृत अध्ययन गरी अन्तिम निर्णय दिने,

(ड) यस कार्यक्रमको स्थानीय तहभित्र भएको कार्यान्वयनको अनुगमन, सुपरीवेक्षण तथा मूल्यांकन गरी सोको प्रतिवेदन रोजगार व्यवस्थापन सूचना प्रणालीबाट नियमित रुपमा मन्त्रालय र प्रदेशको सम्बन्धित मन्त्रालयमा पठाउने व्यवस्था मिलाउने,

(ढ) यस कार्यक्रम अन्तर्गत संचालित आयोजनाको आयोजना स्तरमा सिर्जना हुने विवादहरुको समाधान गर्ने ।

**(आ) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको योजना शाखा/महाशाखा**

(क) स्थानीय तहका आयोजनाहरुमा रोजगारी सिर्जना सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्ने,

(ख) नियमित कार्यक्रम बाहेक रोजगारी सिर्जनाका विशेष कार्यक्रमहरु विकास गरी कार्यान्वयन गर्ने,

(ग) यो कार्यक्रम कार्यान्वयनमा रोजगार सेवा केन्द्रसँग आवश्यक समन्वय, सहयोग र सहकार्य गर्ने,

(घ) यो कार्यक्रम अन्तर्गतका रोजगार आयोजनाहरुको अनुगमन तथा मूल्यांकन गरी रोजगार सेवा केन्द्रमार्फत प्रदेशको सम्बन्धित मन्त्रालय र मन्त्रालयमा प्रतिवेदन गर्ने,

(ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको यस कार्यक्रमसँग सम्बन्धित अन्य कार्यहरु सम्पादन गर्ने ।

४४. **रोजगार सेवा केन्द्रः** (१) हरेक स्थानीय तहमा सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालयको संरचना भित्र रही कार्य गर्ने गरी ऐनको दफा १० बमोजिम स्थापना भएको एक रोजगार सेवा केन्द्र रहनेछ ।

(२) रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र रहेका बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण गरी बेरोजगार व्यक्तिको सूची स्वीकृतिका लागि गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा पेश गर्ने,

(ख) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाबाट स्वीकृत भएको बेरोजगार व्यक्तिको सूचीलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गरी सूचीकृत गर्ने र सूचीकृत बेरोजगार व्यक्तिहरुलाई लाभग्राही परिचयपत्र वितरण गर्ने,

(ग) गाउँपालिका वा नगरपालिका क्षेत्रभित्रको संभाव्य रोजगारीको स्थिति विश्लेषण गरी रोजगारीको तथ्याङ्क संकलन गर्ने, रोजगारीका अवसरको नक्शांकन गर्ने तथा रोजगारीका अवसरहरुको अभिलेख राख्ने,

(घ) विभिन्न रोजगार आयोजनाहरुबाट माग भए बमोजिम सूचिकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारीका लागि खटाउने,

(ङ) गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गर्ने,

(च) रोजगारदाताका लागि श्रमिकको उपलब्धताको सम्भाव्यता जानकारी गराउने तथा माग भई आएको अवस्थामा रोजगारदातालाई बेरोजगार व्यक्तिको सूचीबाट श्रमिक उपलब्ध गराउने,

(छ) बेरोजगार व्यक्तिहरुको ज्ञान, सीप तथा क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गर्ने,

(ज) रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरु मध्ये न्यूनतम रोजगारी प्राप्त गर्ने, रोजगारमूलक तथा सीपमूलक तालीम प्राप्त गर्ने, निजी क्षेत्रको रोजगारीमा सहभागि हुने तथा स्वरोजगार हुने व्यक्तिहरुको विवरण अद्यावधिक गर्ने,

(झ) आफ्ना काम कारवाहीको बारेमा नियमित रुपमा सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा प्रतिवेदन गर्ने,

(ञ) यस कार्यक्रम र रोजगारी सम्बद्ध अन्य विषयमा मन्त्रालयमा र प्रदेशको सम्बन्धित मन्त्रालयमा रोजगार व्यवस्थापन सूचना प्रणालीमार्फत नियमित प्रतिवेदन गर्ने,

(ट) स्थानीय तहभित्रको वैदेशिक रोजगारीमा जाने तथा जान चाहनेहरुका लागि सूचना तथा परामर्श सेवा प्रदान गर्ने,

(ठ) वैदेशिक रोजगार प्रर्वद्धन बोर्डबाट उपलब्ध गराइने आर्थिक सहायता वितरण सम्बन्धी कार्यमा सहयोग पुऱ्याउने,

(ड) आन्तरिक रोजगारी प्रवर्द्धन गर्नमा संलग्न सार्वजनिक क्षेत्रभित्रका सरोकारवालाहरुलाई अन्य सेवा प्रदान गर्ने,

**४५. <u>रोजगार संयोजक</u>**: (१) दफा ४४ को उपदफा (२) बमोजिमको रोजगार सेवा केन्द्रका कार्यहरु सम्पादन गर्नु रोजगार संयोजकको जिम्मेवारी हुनेछ ।

(२) रोजगार संयोजकले समग्र कार्यक्रमको सम्वन्धमा मन्त्रालयप्रति र कार्यान्वयनको सन्दर्भमा सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाप्रति उत्तरदायी भई कार्य गर्नु पर्नेछ ।

(३) कार्यक्रमका सम्बन्धमा मन्त्रालयले समय समयमा दिएका निर्देशनको पालना गर्नु रोजगार संयोजकको कर्तव्य हुनेछ ।

(४) कार्यक्रमको सूचना व्यवस्थापन र प्रतिवेदनका सम्बन्धमा रोजगार संयोजकले प्रदेशको सम्बन्धित विषय हेर्ने मन्त्रालयसँग आवश्यक समन्वय र सहयोग गर्नु पर्नेछ ।

(५) रोजगार संयोजकले गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष सुपरीवेक्षण, निर्देशन र नियन्त्रणमा रही कार्य गर्नेछ ।

**४६. <u>वडा कार्यालयहरु</u>:** यो कार्यक्रमका सम्बन्धमा वडा कार्यालयले देहायका कार्यहरु गर्नेछन् :

(क) वडाभरीका बेरोजगार व्यक्तिले बेरोजगार व्यक्तिको सूचीमा दर्ताका लागि दिएको निवेदन संकलन गर्ने र रोजगार सेवा केन्द्रमा बुझाउने,

(ख) बेरोजगार व्यक्तिको पहिचान प्रक्रिया र रोजगारी प्रदान गर्ने प्रक्रियामा सिर्जना भएका गुनासाहरुको संकलन गरी रोजगार सेवा केन्द्रमा बुझाउने,

(ग) वडास्तरका रोजगार आयोजनाहरुको तर्जुमा, कार्यान्वयन र अनुगमनमा गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई आवश्यक सहयोग गर्ने,

(घ) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले यस कार्यक्रमका सम्बन्धमा जिम्मा दिएका अन्य कार्यहरु गर्ने ।

४७. **रोजगार सम्वाद मञ्च:** (१) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संघ, प्रदेश र स्थानीय तहमा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान, समस्याहरुको निदान र रोजगारी सिर्जनाका नवीनतम उपाय एवं ढाँचा तथा विधिहरुको विकास गर्न र रोजगार नीति र कार्यक्रमका सम्बन्धमा आवश्यक सुझाव दिन मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय र स्थानीय तहले निजी, सहकारी तथा गैरसरकारी क्षेत्र र नागरिक समाज एवम् सञ्चार जगत समेतको सहभागितामा रोजगार सम्वाद मञ्चहरु गठन गर्न सक्नेछन् ।

(२) तीनै तहका रोजगार सम्वाद मञ्चको सञ्चालन कार्यविधि मन्त्रालयले निर्धारण गरी सम्बन्धित सरकारका तहमा पठाउने छ ।

(३) स्वीकृत कार्यविधि बमोजिम रोजगार सम्वाद मञ्चहरुको आयोजना गर्ने दायित्व सम्बन्धित तहका सरकारको हुनेछ ।

## परिच्छेद ९
## मानव संसाधन व्यवस्थापन

४८. **रोजगार संयोजकसम्बन्धी व्यवस्था:** (१) यो कार्यक्रम सञ्चालन गर्न प्रत्येक स्थानीय तहमा एक रोजगार संयोजक करारमा राखिनेछ । रोजगार संयोजक करारमा राख्दा निजसँग अनुसूची ८ बमोजिमको करार सम्झौता गरिनेछ ।

(२) उपदफा (१) बमोजिम करारमा राखिएको रोजगार संयोजकलाई सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ९ बमोजिम कार्यसम्पादन सम्झौता गरी काममा लगाउनु पर्नेछ ।

(३) रोजगार संयोजकको कामको मूल्यांकन सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत वार्षिक कार्ययोजनामा आधारित भई अनुसूची १० बमोजिमको ढाँचामा चौमासिक रुपमा गर्नेछ ।

(४) रोजगार संयोजकले दफा ४४ को उपदफा (१) बमोजिमको रोजगार सेवा केन्द्रको प्रमुखका रुपमा रही सोही दफाको उपदफा (२) बमोजिमका कामहरु सम्पादन गर्नेछ ।

(५) रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम हुनेछ ।

४९. **प्रदेश स्तरीय रोजगार संयोजक र अन्य जनशक्ति:** (१) प्रदेशको सम्बन्धित मन्त्रालयको योजना तथा कार्यक्रम हेर्ने महाशाखा प्रमुख प्रधानमन्त्री रोजगार कार्यक्रमको रोजगार संयोजक रहनेछ ।

(२) रोजगार संयोजकले दफा ४२ को उपदफा (२) बमोजिमका प्रदेशको सम्बन्धित मन्त्रालयको कार्यहरु सम्पादन गर्नु गराउनु पर्नेछ ।

(३) प्रदेशको सम्बन्धित मन्त्रालयले यस कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन र प्रतिवेदन गर्न आवश्यकता अनुसार अन्य प्राविधिक एवं प्रशासनिक जनशक्ति आफ्नै स्रोतबाट करारमा राखेर वा भएकै कर्मचारी मध्येबाट जिम्मेवारी तोकेर काम लगाउन सक्नेछ ।

**५०. प्रधानमन्त्री रोजगार कार्यक्रम प्रमुख र अन्य जनशक्तिः** (१) यस कार्यक्रमको संघीय तहमा व्यवस्थापन गर्ने मन्त्रालयको आन्तरिक रोजगार व्यवस्थापन महाशाखा प्रमुखलाई प्रधानमन्त्री रोजगार कार्यक्रमको राष्ट्रिय कार्यक्रम निर्देशकका रुपमा तोकिनेछ ।

(२) राष्ट्रिय कार्यक्रम निर्देशकले यस कार्यक्रमसँग सम्बन्धित दफा ३७ को उपदफा (४) बमोजिमका काम, कर्तव्य र अधिकारको कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

(३) राष्ट्रिय कार्यक्रम निर्देशक लगायतका मन्त्रालयमा रहने जनशक्तिको दरबन्दी तेरिज र संगठन संरचना अनुसूची ११ बमोजिमको हुनेछ ।

(४) अनुसूची ११ बमोजिमको स्थायी दरवन्दी स्वीकेत नभएसम्म मन्त्रालयमा यस कार्यक्रमका लागि स्वीकृत अस्थायी दरबन्दी मध्ये सेवा करारबाट काममा लगाउने गरी व्यवस्था भएका बाहेकका दरबन्दीमा निजामती सेवाबाटै स्थायी कर्मचारी काजमा खटाई काममा लगाइनेछ ।

## परिच्छेद १०
## क्षमता विकास र रणनीतिक संचार

**५१. श्रमिकको आवश्यकताको अध्ययन गर्ने:** (१) श्रम तथा रोजगार कार्यालयहरुले आआफ्नो क्षेत्र भित्रका प्रमुख औद्योगिक तथा व्यवसायिक क्षेत्रहरुमा के कस्तो प्रकृतिको श्रमिकको कति संख्यामा आवश्यकता छ र त्यस्तो श्रमिकको बजारमा उपलब्धताको अवस्था के छ भन्ने सम्बन्धमा अध्ययन गर्नु गराउनु पर्नेछ ।

(२) यस्तो अध्ययन गर्दा गराउँदा सम्बन्धित स्थानको उद्योग वाणिज्यसँग सम्बन्धित निकायका जिल्ला इकाईसँगको समन्वय र सहकार्यमा गर्नु पर्नेछ ।

(३) अध्ययनका आधारमा त्यस्ता औद्योगिक तथा व्यवसायिक क्षेत्रहरुमा श्रमिकको माग पूर्ति गर्न आवश्यक पर्ने थप श्रमिकको संख्या, ज्ञान, सीप, योग्यता र अनुभव समेत स्पष्ट खुलाइएको प्रतिवेदन सम्बन्धित व्यवसायिक तथा सीपमूलक तालिम प्रतिष्ठानमा कार्यान्वयनका लागि पठाउनु पर्नेछ ।

**५२. तालिम सञ्चालन गर्ने:** (१) मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय र स्थानीय तहले यो कार्यक्रम अन्तर्गत निजी क्षेत्रमा रोजगारीको माग अनुरुपको जनशक्ति विकास गर्न आवश्यक सीप तथा क्षमता विकास तालिमहरु सञ्चालन गर्नु पर्नेछ ।

(२) तालिमको पाठ्यक्रम विकास, कार्यक्रम तर्जुमा र अनुगमन तथा मूल्यांकन मन्त्रालयको निर्देशनमा व्यवसायिक तथा सीप विकास प्रतिष्ठानहरुले गर्नेछन् ।

**५३. निजी क्षेत्रसँग सहकार्य गर्न सक्ने :** दफा ५२ बमोजिम तालिम संचालन गर्दा उद्योग वाणिज्यसँग सम्बन्धित निकायका प्रदेश वा जिल्ला इकाई र सम्बन्धित उद्यमी व्यवसायीहरुको प्रतिनिधि समेतको सहभागिता र सहकार्यमा गर्नु पर्नेछ ।

५४. **सम्झौता गर्नु पर्ने:** यसरी तालिम सञ्चालन गर्नु अघि व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानले सम्बन्धित उद्यमीहरुसँग तालिम प्राप्त मानव स्रोतलाई रोजगारीमा लिने सम्बन्धमा दफा ३५ को उपदफा (२) बमोजिमको कबुलियतनामा सहितको सम्झौता गर्नु पर्नेछ ।

५५. **सैद्धान्तिक र व्यवहारिक दुवै ज्ञान सिकाउनु पर्ने :** तालिम दिँदा सैद्धान्तिक र व्यवहारिक दुवै ज्ञान सिकाउनु पर्नेछ । सैद्धान्तिक सिकाईका लागि सम्बन्धित उद्यमीहरु समेतको संलग्नतामा तयार पारिएको पाठ्यक्रम तथा तालिम कार्यक्रम र छनौट गरिएका प्रशिक्षकद्वारा तालिम दिने व्यवस्था गरिनु पर्नेछ । व्यवहारिक सिकाइका लागि आवश्यकता अनुसार श्रमिकलाई सम्बन्धित उद्योग एवं कलकारखानामै काममा प्रत्यक्ष संलग्न गराएर सिकाउनु पर्नेछ ।

५६. **रोजगारी दिनु पर्ने:** तालिम सम्पन्न भएपछि सम्बन्धित उद्योगहरुले सफलतापूर्वक तालिम सम्पन्न गरेका श्रमिकहरुलाई सम्झौता बमोजिम रोजगारी उपलब्ध गराउनु पर्नेछ ।

५७. **तालिमको लागतमा साझेदारी गर्न सकिने:** व्यावसायिक तथा सीप विकास प्रतिष्ठानले यस दफामा गरिएको व्यवस्था बमोजिम माग भई आएका तालिमको सञ्चालन गर्न लाग्ने लागतमा सम्बन्धित उद्योगहरुको समेत निश्चित प्रतिशत साझेदारी गराउन सक्नेछ ।

५८. **अभिमुखीकरण कार्यक्रम:** (१) सार्वजनिक निर्माणका कार्यमा रोजगारी दिने आयोजनामा श्रमिकलाई खटाउनु पूर्व उनीहरुलाई सम्बन्धित रोजगार सेवा केन्द्रले स्थानीय स्तरका तालिम संस्थाहरुसंगको सहकार्यमा कम्तिमा एक कार्यदिनको अभिमुखीकरण दिने व्यवस्था गर्नु पर्नेछ ।

(२) अभिमुखीकरणको पाठ्यक्रम देहाय बमोजिम हुनेछः

(क) प्रधानमन्त्री रोजगार कार्यक्रमको उद्देश्य र प्रकृति,

(ख) सम्बन्धित रोजगार आयोजनाको परिचय र कार्य,

(ग) कामको जिम्मेवारी र कार्यसम्पादन गर्ने विधि वा तरिका,

(घ) हाजिरी, पारिश्रमिक तथा अन्य सेवा सुविधा,

(ङ) कार्यस्थल जोखिम र कार्यस्थल सुरक्षाका आधारभूत विषयहरु,

(च) प्राथमिक स्वास्थ्यसँग सम्बन्धित विषयहरु र प्राथमिक उपचारका विषयहरु,

(छ) कार्यस्थलमा हिंसा, आचरण र अनुशासनसम्बन्धी विषय,

(ज) कामको प्रकृति र स्थान विशेषको आधारमा आवश्यक हुने अन्य विषयहरु ।

५९. **विशेष सीपमूलक तालिम:** (१) सार्वजनिक निर्माणका कार्यहरुमा विशेष वा विशिष्ट प्रकारको सीप आवश्यक पर्ने कामको लागि आवश्यक सीप विकास गर्न यस कार्यक्रम अन्तर्गत सम्बन्धित रोजगार आयोजनासँगको सहकार्यमा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालयले बढीमा दश कार्यदिनको विशेष सीपमूलक तालिम कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्न सक्नेछ ।

(२) विशेष सीपमूलक तालिमको पाठ्यक्रम दफा ५८ को उपदफा (२) बमोजिमको अभिमूखीकरण तालिमको पाठ्यक्रमका अतिरिक्त सम्बन्धित कामका लागि चाहिने सीप र प्राविधिक ज्ञानलाई समेट्ने किसिमले विज्ञहरुको सहायतामा सम्बन्धित व्यवसायिक तथा सीपमूलक तालिम प्रतिष्ठानले निर्धारण गरे बमोजिम हुनेछ ।

६०. **तालिम प्रदायक संस्था:** (१) यो कार्यक्रम अन्तर्गतका जुनसुकै तालिम कार्यक्रम सञ्चालन गर्दा व्यवसायिक तथा सीपमूलक तालिम प्रतिष्ठान आफैंले वा नेपाल सरकार, प्रदेश सरकार र

स्थानीय तहका तालिम प्रदान गर्ने निकायमार्फत वा निजी तालिम प्रदायक संस्थामार्फत वा साझेदारीमा सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) तालिम प्रतिष्ठान बाहेक अन्य संस्थाबाट संचालित तालिमको ढाँचा, पाठ्यक्रम र मापदण्डको निर्धारण र अनुगमन गर्ने जिम्मेवारी तालिम प्रतिष्ठानको हुनेछ ।

६१. **बाह्य करार गर्न सक्ने:** यस परिच्छेद बमोजिमका तालिम कार्यक्रमहरुको सञ्चालन गर्दा व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठानहरुले आवश्यकता अनुसार बाह्य सेवा करारको ढाँचामा गर्न सक्नेछन् ।

६२. **लक्षित समूह र तालिमका मोड्युल:** (१) यस दफा बमोजिम प्रदान गरिने तालिमका लक्षित समूह रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरु हुनेछन् ।

(२) निजी क्षेत्रमा रोजगार बनाउन र स्वारोजगारका लागि सीप तथा व्यवसायिक ज्ञान बढाउन बेरोजगार व्यक्तिले रोजेको काम वा स्वरोजगारीसँग सम्बन्धित तालिम दिँदा निश्चित प्रकृतिको काम रोज्ने बेरोजगार व्यक्तिहरु मात्र यस प्रकृतिको तालिमका लक्षित समूह हुन सक्नेछन् ।

(३) तालिमका मोड्युलहरु तालिम आवश्यकता पहिचान भइसकेपछि आवश्यकता अनुसार विकास गरी कार्यान्वयन गर्ने जिम्मा तालिम प्रतिष्ठान, प्रदेशको सम्बन्धित मन्त्रालय र सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको हुनेछ ।

(४) तालिम प्रतिष्ठान, प्रदेश सरकार र गाउँ कार्यपालिका वा नगर कार्यपालिकाहरुले तालिमको लक्षित समूह निर्धारण गर्दा र मोड्युल तय गर्दा आ-आफ्नो क्षेत्रभित्रका निजी क्षेत्र तथा गैरसरकारी संस्थाहरुसँगको सहकार्य र साझेदारीमा गर्नु पर्नेछ ।

६३. **रणनीतिक संचार:** **(१) सूचना संप्रेषण:** यस कार्यक्रमको विषयमा आम नागरिक एवं अन्य सरोकारवालालाई जानकारी गराउन रेडियो, टेलिभिजन, लघु चलचित्र, वेभसाइट तथा अन्य श्रव्य दृष्य विद्युतीय माध्यम, पत्रपत्रिका, ब्रोशियर तथा बुकलेट, आयोजना वडापत्र, सामाजिक सञ्जाल आदि मार्फत सूचना, जानकारी, सन्देश तथा कार्यक्रमहरुको प्रशारण र प्रकाशन गर्न सकिनेछ ।

**(२) अन्तरक्रिया, छलफल, गोष्ठी तथा सेमिनार:** यस कार्यक्रमको लागि राय सुझाव संकलन गर्न, कार्यक्रमको मूल्यांकन तथा पुनरावलोकन गर्न, प्रचारप्रसार र सचेतीकरण गर्न मन्त्रालयले क्षेत्रगत मन्त्रालयहरु, प्रदेशको सम्बन्धित मन्त्रालय र स्थानीय तहहरुसँगको समन्वय र सहकार्यमा आवश्यकता अनुसार सरोकारवालाहरुसँग अन्तरक्रिया, छलफल, गोष्ठि तथा सेमिनार सञ्चालन गर्न सकिनेछ ।

**(३) श्रमको सम्मान राष्ट्रको अभियान:**

(क) मन्त्रालयले नागरिकहरुमा कामका आधारमा मानिसहरुबीच हुने गरेको विद्यमान विभेदको अन्त्य गर्दै सबैखाले श्रमलाई सम्मान गर्ने संस्कृतिको प्रवर्द्धन गर्न तथा युवालाई देशभित्रैको रोजगारी तथा स्वरोजगारीमा आकार्षित गर्न श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम देशव्यापी रुपमा सञ्चालन गर्नेछ ।

(ख) श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन गर्दा मन्त्रालयले प्रदेश सरकार र स्थानीय तहहरुसँग आवश्यकता अनुसार समन्वय गरेर गर्नु पर्नेछ ।

(ग) श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रमको सञ्चालनमा राजनीति, कलाकारिता, खेलकुद, उद्यम तथा पेशा व्यवसाय, सार्वजनिक क्षेत्र, आम सञ्चार जगत, नागरिक समाज, अध्ययन अनुसन्धान आदि क्षेत्रमा ख्याति तथा प्रतिष्ठा हासिल गरेका व्यक्तिहरुलाई सहभागी गराइनेछ ।

## परिच्छेद ११
## आयोजना छनौट, कार्यान्वयन र मूल्यांकन

६४. **नियमित प्रक्रियाद्वारा छनौट भएका आयोजनाबाटै रोजगारी सिर्जना:** संघ, प्रदेश र स्थानीय तहले वार्षिक रुपमा हुने नियमित योजना तर्जुमा प्रक्रियाबाट छनौट गरिएका आयोजनाहरुमै वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनमार्फत यस कार्यक्रममा रोजगारी सिर्जना गर्नु पर्नेछ ।

६५. **रोजगारी सिर्जना गर्ने गरी बजेट खर्च गर्नुपर्ने:** वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा संघ, प्रदेश र स्थानीय तहको वार्षिक विनियोजनमध्येबाट पुँजीगत बजेटको निश्चित प्रतिशत रोजगारी सिर्जना हुने गरी खर्च गर्नु पर्ने र आयोजना कार्यान्वयनमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गर्नुपर्ने गरी नेपाल सरकार, प्रदेश मन्त्रिपरिषद् र गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले निर्णय गरी निर्देशन दिन सक्नेछन् ।

६६. **छुट्टै आयोजना सञ्चालन गर्न सक्ने:** नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहहरुले आ-आफ्नो क्षेत्रभित्र नियमित बजेटबाट सञ्चालन गर्ने आयोजनाहरु बाहेक रोजगारी सिर्जना गर्न दफा १९ को उपदफा (३) बमोजिमका छुट्टै आयोजनाहरुको समेत तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछन् ।

६७. **निजी तथा गैरसरकारी क्षेत्रसँग सहयोग तथा समन्वय:** नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहहरुले आ-आफ्नो क्षेत्रभित्र निजी तथा गैर सरकारी क्षेत्रसँगको सहकार्यमा समेत रोजगारी सिर्जनाका विभिन्न कार्यक्रम तथा आयोजनाहरुको तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछन् ।

६८. **पारिश्रमिक बापतको खर्च :** यो कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित रोजगार आयोजनाहरुमा रोजगार आयोजनाको लागि मन्त्रालयबाट प्राप्त रकम पारिश्रमिकमा मात्र खर्च गर्नु पर्नेछ । आयोजना संचालनको लागि निर्माण सामाग्री र अन्य खर्चहरु आवश्यक पर्ने भएमा स्थानीय तहले सो खर्च व्यहोर्नु पर्नेछ ।[3]

६९. **वार्षिक योजना तथा कार्यक्रमको स्वीकृति:** (१) यो कार्यक्रमको वार्षिक योजना तथा कार्यक्रम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका अन्य योजना तथा कार्यक्रम अनुरुपकै प्रक्रियाबाट स्वीकृत गरी कार्यान्वयन हुनेछन् ।

(२) नियमित बजेट तथा कार्यक्रम अन्तर्गतका आयोजनाभन्दा अलग्गै दफा ६६ बमोजिमका रोजगार आयोजना सञ्चालन गर्दा आयोजना छनौट सम्बन्धित समुदायकै संलग्नतामा उनीहरुको आवश्यकता र प्राथमिकताका आधारमा गर्नु पर्नेछ ।

७०. **रोजगार आयोजनाका सम्भावित क्षेत्रहरु:** यो कार्यक्रम अन्तर्गत रोजगार आयोजनाका सम्भावित क्षेत्रहरु देहाय बमोजिम हुनेछन्:

(१) **कृषि, सहकारी तथा पशु विकास:** शीत भण्डार निर्माण, कृषि उपजहरुको प्रोशेसिङ प्लान्ट निर्माण, परम्परागत र प्लास्टिक पोखरी निर्माण, कृषि उपजको संकलन तथा बेचबिखन केन्द्र निर्माण, पर्ति जग्गामा खेती, खाली जग्गामा फलफूलका विरुवा रोप्ने, सामूहिक तथा सहकारी खेती, व्यवसायिक खेती तथा पशुपालन, कृषि वन कार्यक्रम, सहकारी संस्थाहरु, आदि ।

---

[3] पहिलो संशोधनबाट थप गरिएको

(२) **ऊर्जा, सिंचाई तथा नदी नियन्त्रण:** कूलो, बाँध, पैनी तथा नहर निर्माण एवं मर्मत सम्भार, जलविद्युत आयोजना र ट्रान्समिसन लाईन निर्माण तथा मर्मत सम्भार, नदी नियन्त्रण, पहिरो नियन्त्रण, आदि ।

(३) **खानेपानी तथा सरसफाईः** मुहान संरक्षण, पाईप बिछ्याउने, ट्यांकी निर्माण, धारा निर्माण, सरसफाई अभियान, शौचालय निर्माण, ढल निर्माण तथा मर्मत सम्भार आदि ।

(४) **वन तथा वातावरण:** वृक्षारोपण, वैज्ञानिक वन व्यवस्थापन अन्तर्गत थिनिङ्ग, प्रुनिङ्ग, अग्नि रेखा निर्माण लगायतका कार्यहरु, खाली जग्गामा फलफूलका बिरूवा रोप्ने, सडक र नदी खोला किनारमा रुख रोप्ने, गैर काष्ठजन्य वन पैदावार उत्पादन, व्यवसायिक निजी वन, निजी वन नर्सरी, जडिवुटी खेती, प्रशोधन र बजारीकरण, कृषि वन, वन पैदावारमा आधारित उद्योग स्थापना, वायो इन्जिनियरिङ्ग प्रविधि, संरक्षण पोखरी निर्माण, वातावरण संरक्षण तथा जलवायु अनुकुलन आदि ।

(५) **पर्यटन प्रबर्द्धन:** पर्यटकीय पदमार्ग, पर्यटन मार्गको निर्माण तथा मर्मत सम्भार, होटल तथा रेष्टुरेण्ट व्यवसायको प्रर्वद्धन, पर्यटन मार्गमा सेड निर्माण तथा होमस्टे लगायतका ग्रामीण पर्यटन, पर्या पर्यटन आदि ।

(६) **सडक यातायात:** एयरपोर्ट, सबै प्रकारका सडक, रेलवे, बसपार्क, पुल, कल्भर्ट आदिको निर्माण तथा मर्मत सम्भार ।

(७) **शिक्षा, युवा तथा खेलकूद:** साक्षरता अभियान, कम्प्युटर शिक्षा, विद्यालय खेलकुद कार्यक्रम र खेल मैदान, कवर्ड हल, स्टेडियम, विद्यालय भवन, पुस्तकालय आदि संरचनाको निर्माण तथा मर्मत सम्भार ।

(८) **पुनर्निर्माण:** सार्वजनिक र निजी भवन निर्माण, पुरातात्विक सम्पदाको पुनर्निर्माण आदि ।

(९) **सामूदायिक पूर्वाधार निर्माण:** पुस्तकालय, वाचनालय, जेष्ठ नागरिक क्लव, सामुदायिक भवन निर्माण तथा मर्मत सम्भार आदि ।

(१०) **ठूला तथा राष्ट्रिय गौरवका आयोजना**को स्थानीय स्तरमा हुने निर्माण तथा मर्मत सम्भार लगायतका श्रममूलक कार्यहरु (माटोको काम, ग्याबियन वाल, ढुंगा कुद्ने, नाली बनाउने आदि) ।

(११) **सूचना तथा संचार प्रविधि:** नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालय तथा अन्य निकायहरु, प्रदेश सरकारका मन्त्रालय, निर्देशनालय तथा कार्यालयहरु, स्थानीय तहहरु र बैंक तथा वित्तीय संस्थाहरुको अभिलेख डिजिटाइजेशन गर्ने, बिजनेस प्रोसेस आउटसोर्सिंग, नलेज प्रोसेस आउटसोर्सिंग र आईटी इनेवलिंग सर्भिसेज आदि ।

७१. **रोजगार आयोजनाको कार्यान्वयन:** यो कार्यक्रमको कार्यान्वयन संघ, प्रदेश र स्थानीय तहका नियमित वार्षिक बजेट तथा कार्यक्रममा श्रममूलक काम गर्नका लागि रोजगार सेवा केन्द्रबाट खटाइएका श्रमिकहरुबाट दफा २५ बमोजिमका श्रमिक समूह गठन गरी काममा लगाएर गरिनेछ ।

७२. **सम्पादित कामको गुणस्तर नियन्त्रण:** (१) मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय र स्थानीय तहले आआफ्नो क्षेत्र भित्रको सार्वजनिक निर्माण र अन्य सार्वजनिक कामहरुको गुणस्तर नियन्त्रणमा उचित ध्यान दिनु पर्नेछ ।

(२) यसका लागि नेपाल सरकार र प्रदेश सरकारका विषयगत मन्त्रालय अन्तर्गतका कार्यक्रमहरुको हकमा सम्बन्धित आयोजनाले र स्थानीय तहका कार्यक्रमको हकमा सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले आफ्ना प्राविधिक कर्मचारीलाई खटाई दफा २९ बमोजिम गुणस्तरको सुपरिवेक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**७३.** **<u>अनुगमन, मूल्यांकन तथा प्रतिवेदन:</u> (१) नियमित अनुगमन तथा मूल्यांकन:** यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने रोजगार आयोजनाहरुको नियमित रुपमा अनुगमन तथा मूल्यांकन संघ अन्तर्गतका कार्यक्रमको मन्त्रालयले, प्रदेश अन्तर्गतका कार्यक्रमको प्रदेशको सम्बन्धित मन्त्रालयले र स्थानीय तह अन्तर्गतका कार्यक्रमको सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालयले गर्नु पर्नेछ ।

(२) **विशेष संयन्त्र निर्माण गर्न सक्ने:** मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय र गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले यस कार्यक्रम अन्तर्गतका आ-आफ्नो क्षेत्रभित्रका आयोजनाहरुको अनुगमन तथा मूल्यांकन गर्न आवश्यकता अनुसार विशेष संयन्त्र निर्माण गर्न सक्नेछन् ।

**(३) तेस्रो पक्ष मूल्यांकन:** मन्त्रालयले कार्यक्रममा आवश्यकता अनुसार पुनरावलोकन र सुधारका लागि सुझाव प्राप्त गर्न विज्ञहरुको सेवा लिई कार्यक्रमको स्वतन्त्र, निस्पक्ष र वस्तुगत तवरले तेश्रो पक्ष मूल्यांकन गराउन सक्नेछ ।

(४) **प्रगति समीक्षा गर्नु पर्ने:** मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय र सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले आआफ्नो क्षेत्रभित्रका कार्यक्रमहरुको चौमासिक तथा वार्षिक रुपमा समीक्षा गरी सोको प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ । समीक्षा कार्यक्रममा अन्य नियमित कार्यक्रमको समीक्षामा आमन्त्रण गरिने निकायहरुका प्रतिनिधि र संचारकर्मीहरुलाई समेत आमन्त्रण गरिनु पर्नेछ । नेपाल सरकार र प्रदेश सरकारका अन्य विषयगत मन्त्रालयहरुले समेत अनुगमन, चौमासिक तथा वार्षिक समीक्षा र प्रतिवेदन गर्दा आफ्ना कार्यक्रमहरु मार्फत भएको रोजगार सिर्जनाको विषयलाई समेत समावेश गर्नु पर्नेछ ।

## परिच्छेद १२
## निर्वाह भत्ता वितरण

७४. **न्यूनतम रोजगारी नपाउने व्यक्तिहरुको विवरण यकिन गनुपर्नेः** रोजगार संयोजकले हरेक वर्षको असार १० गते भित्र सोही वर्षको जेठ मसान्त सम्मको सम्बन्धित रोजगार आयोजना प्रमुखले प्रमाणित गरी पठाएको लाभग्राही परिचयपत्रमा भरिएको विवरणको आधारमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत भई लाभग्राही परिचयपत्र प्राप्त गरेर पनि रोजगारी नपाउने व्यक्तिहरुको संख्या र न्यूनतम एकसय दिन मध्ये रोजगारी नपाएको बाँकी दिनको यकीन गरी सोको विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ ।

७५. **निर्वाह भत्ता पाउन योग्य परिवारको पहिचान गर्नु पर्नेः** (१) आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा न्यूनतम एकसय दिनको रोजगारी नपाएका दफा ७७ बमोजिम यकीन गरिएका व्यक्तिहरुको परिवार मध्ये रोजगार सेवा केन्द्रले असार १५ गतेभित्र ऐनको दफा २२ को उपदफा (४) र (५) मा उल्लिखित अवस्थाहरुका आधारहरुमा निर्वाह भत्ता पाउन योग्य परिवार पहिचान गर्नु पर्नेछ ।

(२) निर्वाह भत्ता दिने प्रयोजनको लागि असार महिनामा गरेको न्यूनतम रोजगार बापतको कामको गणना आगामी आर्थिक वर्षमा गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको परिवारको तर्फबाट बेरोजगार परिवारका बेरोजगार सदस्यहरुले आफूहरुमध्येबाट अनुसूची १२ बमोजिमका बेरोजगार सदस्यको बैंक खातामा सो परिवारले पाउने निर्वाह भत्ताको भुक्तानी गरिनेछ ।

७६. **निर्वाह भत्ता पाउने परिवारको विवरण अद्यावधिक गरी पठाउनु पर्नेः** (१)रोजगार सेवा केन्द्रले दफा ७५ को उपदफा (१) बमोजिम पहिचान गरेका निर्वाह भत्ता पाउन योग्य परिवार र परिवारको तर्फबाट निर्वाह भत्ता बुझ्ने व्यक्तिको बैंक खाता समेतको अनुसूची १३ बमोजिमको विवरण असार १६ गते भित्र रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गरी अनलाइनमार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) मन्त्रालयले त्यस्तो विवरण सो बमोजिम निर्वाह भत्ता प्रदान गर्न लाग्ने रकम समेत यकीन गरी असार २० गते भित्र अनलाईनमार्फत महालेखा नियन्त्रकको कार्यालयमा पठाउनेछ ।

७७. **निर्वाह भत्ता वितरणः** (१) महालेखा नियन्त्रकको कार्यालयले सम्बन्धित कोष तथा लेखा नियन्त्रण कार्यालयमार्फत असार २५ गतेभित्र दफा ७५ को उपदफा (३) बमोजिम बैंक खातामा निर्वाह भत्ताको भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) यस बमोजिम निर्वाह भत्ता वितरण भएको विवरण कोष तथा लेखा नियन्त्रण कार्यालयले रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गरी अनलाइनद्वारा महालेखा नियन्त्रकको कार्यालयमार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद १३
## पारदर्शिता र उत्तरदायित्व

७८. **सार्वजनिक सुनुवाई गर्नु पर्ने:** मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय र सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले आआफ्नो क्षेत्रभित्रका कार्यक्रमहरुको सम्बन्धमा कार्यक्रमका लाभग्राहीहरुको संलग्नतामा वर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्नु पर्नेछ ।

७९. **अद्यावधिक सूचना तथा जानकारी सार्वजनिक गर्नु पर्ने:** मन्त्रालय, क्षेत्रगत आयोजनाहरु, प्रदेशको सम्बन्धित मन्त्रालय र सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालयले आआफ्नो क्षेत्रभित्रका कार्यक्रम सम्बन्धी सम्पूर्ण सूचना तथा जानकारी अद्यावधिक गरी नियमित रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

८०. **सूचना प्रकाशन तथा प्रसारण गर्नु पर्ने:** यस कार्यक्रमसँग सम्बन्धित सूचना तथा जानकारीहरु मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय र सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालयले नियमित रुपमा प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ । यसका लागि नियमित पत्रकार भेटघाट, प्रेस विज्ञप्ति, छापा तथा विद्युतीय माध्यम तथा सामाजिक सञ्जाल मार्फत सूचना तथा जानकारी प्रकाशन एवं प्रसारण, वुकलेट, बुलेटिन तथा ब्रोशियर प्रकाशन र बारम्बार सोधिने प्रश्नहरु (एफ.ए.क्यू) को प्रकाशन लगायतका विधिहरुको अवलम्बन गर्न सकिनेछ ।

८१. **गुनासो सुन्ने व्यवस्था:** (१) **गुनासो पेटिका राख्नु पर्ने:** मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय र सम्बन्धित स्थानीय तहले आआफ्नो क्षेत्रभित्रका कार्यक्रमहरुका सम्बन्धमा सरोकारवालाहरुका गुनासा सुनुवाई गर्न वडा कार्यालय, आयोजना कार्यालय, गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालय, प्रदेशको सम्बन्धित मन्त्रालय र मन्त्रालयमा गुनासो पेटिका राख्नु पर्नेछ ।

(२) **सेवाग्राही सन्तुष्टि सर्वेक्षण:** यो कार्यक्रमप्रतिको नागरिक प्रतिक्रिया र पृष्ठपोषण बुझ्न मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय र सम्बन्धित गाउँ कार्यपालिकाको कार्यालय वा नगर कार्यपालिकाको कार्यालयले वार्षिक रुपमा आआफ्नो क्षेत्रभित्रका कार्यक्रममा प्रत्यक्ष संलग्न सेवाग्राहीहरुबाट अनुसूची १४ बमोजिमको सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्नु पर्नेछ ।

(३) **विद्युतीय माध्यमबाट गुनासो राख्न सकिने:** कुनै पनि सेवाग्राहीले यो कार्यक्रमसँग सम्बन्धित गुनासो कार्यक्रमसँग सम्बन्धित जुनसुकै निकायमा वेभपेज, इमेल, टेलिफोन, मोबाईल टेक्स्ट,सामाजिक सञ्जालको आधिकारीक पेज, फ्याक्स आदि जस्ता विद्युतीय माध्यमबाट पठाउन सक्नेछन् । मन्त्रालयले संघ, प्रदेश र स्थानीय तीनै तहमा गुनासोको व्यवस्थापन विद्युतीय माध्यमबाटै गर्ने प्रणालीको विकास गरी कार्यान्वयन गर्न गराउन सक्नेछ ।

(४) **गुनासाहरुको शीघ्र सम्बोधन गर्नु पर्नेः** मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय र सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले आआफ्नो क्षेत्रभित्रका कार्यक्रम सम्बन्धमा यस दफामा उल्लिखित जुनसुकै माध्यमबाट प्राप्त गुनासाको संकलन गरी प्राथमिकताका आधारमा गुनासो प्राप्त भएको मितिले पन्ध्र दिनभित्रमा गुनासाको सम्बोधन गरिसक्नु पर्नेछ ।

## परिच्छेद १४
## बजेट व्यवस्था र खर्च प्रणाली

८२. **पारिश्रमिक बापतको खर्च व्यवस्थापनः** (१) **सम्बन्धित आयोजनाको विनियोजित बजेटबाटै पारिश्रमिक भुक्तानी दिनुपर्नेः** यस कार्यक्रम अन्तर्गत नेपाल सरकारका विषयगत मन्त्रालयहरु, प्रदेश सरकारका विषयगत मन्त्रालयहरु र स्थानीय तहहरुले आआफ्ना आयोजनाहरुमा सिर्जना हुने रोजगारीमा रोजगार सेवा केन्द्रबाट खटाइएका श्रमिकहरुलाई काम लगाए बापतको पारिश्रमिक सम्बन्धित आयोजनामा बिनियोजित बजेटबाटै भुक्तानी दिनु पर्नेछ ।

(२) **विशेष कार्यक्रमका लागि बजेट विनियोजन गर्नु पर्नेः** मन्त्रालय, प्रदेशको सम्बन्धित मन्त्रालय र स्थानीय तहले आ-आफ्नो क्षेत्रभित्र रोजगारी सिर्जनाका विशेष कार्यक्रम तर्जुमा गरी कामका लागि पारिश्रमिकको आधारका आयोजनाहरु कार्यान्वयन गर्दा सोको लागि आ-आफ्नो वार्षिक बजेटमा बजेट विनियोजन गर्नु पर्नेछ ।

(३) **नियमित खर्च प्रक्रिया बमोजिम नै हुनेः** माथिका उपदफाहरुमा उल्लिखित खर्चको प्रक्रिया तत्तत् तह तथा निकायहरुका सम्बन्धित कार्यक्रम एवं आयोजनाहरुको नियमित खर्च प्रक्रिया बमोजिम नै हुनेछ ।

८३. **पारिश्रमिक बाहेकको खर्चको व्यवस्थापनः** पारिश्रमिक बाहेक यो कार्यक्रमका लागि आवश्यक पर्ने देहाय बमोजिमका खर्चहरुको व्यवस्थापन गर्न आवश्यक पर्ने बजेट मन्त्रालय अन्तर्गत विनियोजन भई खर्च हुनेछ ।

(क) मन्त्रालयमा यो कार्यक्रम हेर्ने महाशाखाको व्यवस्थापकीय खर्च बापतको रकम,

(ख) मन्त्रालयबाट हुने अनुगमन तथा मूल्यांकन र अध्ययन अनुसन्धान बापतको खर्च रकम,

(ग) रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास, स्थापना र सञ्चालन खर्च वापतको रकम,

(घ) मन्त्रालयले गर्ने गोष्ठि, अन्तरक्रिया, छलफल, कार्यशाला, सेमिनार आदि बापतको खर्च वापतको रकम,

(ङ) प्रदेशमा कार्यक्रमको अनुगमन तथा मूल्यांकन र रणनीतिक सञ्चार वापतको रकम,

(च) स्थानीय तहमा रहने रोजगार सेवा केन्द्रको प्रशासनिक खर्च र कार्यक्रम सञ्चालन खर्च वापतको रकम,

(छ) रोजगार संयोजकको तलब, सुविधा बापतको रकम,

(ञ) दफा ५८ बमोजिमको अभिमुखीकरण कार्यक्रमको खर्च वापतको रकम,

(झ) यस कार्यक्रम अन्तर्गत श्रमिकलाई सार्वजनिक निर्माण तथा अन्य सार्वजनिक क्षेत्रका आयोजनामा काममा लगाउँदा गरिने दुर्घटना बीमा बापतको खर्च ।

८४. **प्रदेश र स्थानीय तहलाई दिइने रकमः** (१) दफा ८३ बमोजिम मन्त्रालय अन्तरगत विनियोजित बजेट मध्ये मन्त्रालयले खण्ड (ङ) बमोजिमको रकम प्रदेशको सम्वन्धित मन्त्रालयलाई र खण्ड (च) र (छ) बमोजिमको रकम सम्बन्धित स्थानीय तहलाई सशर्त अनुदानका रुपमा उपलव्ध गराउनेछ ।

८५. **लेखापालन तथा लेखापरीक्षणः** (१) यो कार्यक्रममा प्रदेश र स्थानीय तहलाई मन्त्रालयले प्रदान गर्ने सशर्त अनुदान रकमको खर्चको प्रचलित कानून बमोजिम लेखापालन गर्ने र आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित प्रदेश र स्थानीय तहको हुनेछ ।

(२) नेपाल सरकारका विषयगत मन्त्रालयहरु, प्रदेश सरकारका विषयगत मन्त्रालयहरु र गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले उनीहरुको नियमित वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनबाट सिर्जना गरेको रोजगारीमा हुने खर्चको र दफा १९ को उपदफा (३) बमोजिम सञ्चालन हुने रोजगार आयोजनामा हुने खर्चको लेखापालन र आन्तरिक तथा अन्तिम लेखापरीक्षण सम्बन्धित खर्च गर्ने निकायले नै प्रचलित कानून अनुसार गर्नु गराउनु पर्नेछ ।

## परिच्छेद १५
## विविध

८६. **लक्षित वर्गको लागि विशेष व्यवस्थाः** यस कार्यक्रममा सूचीकृत बेरोजगार व्यक्तिहरुमध्ये शारीरिक रुपमा अशक्त, काम गर्न नसक्ने गरी अपांगता भएका व्यक्ति र ६ महिनाभन्दा बढीको गर्भवती तथा सुत्केरी महिलालाई परिवारमा अरु कोही पनि व्यक्ति रोजगार नभएको तथा रोजगार गर्न योग्य नभएको अवस्थामा त्यस्तो हरेक परिवारको एकजनाले स्वतः निर्वाह भत्ता प्राप्त गर्नेछ ।

८७. **बीमा तथा कार्यस्थल सुरक्षाः (१) दुर्घटना बीमा गर्नु पर्नेः** यस कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउँदा रोजगार सेवा केन्द्रले दुर्घटना बीमा गरी खटाउनु पर्नेछ ।

**(२) बीमा खर्चमा श्रमिकको समेत योगदान हुनेः** उपदफा (१) बमोजिम बीमा गर्दा लाग्ने खर्चको साठी प्रतिशत मन्त्रालयले र बाँकी चालिस प्रतिशत सम्बन्धित श्रमिकले व्यहोर्नु पर्नेछ ।

**(३) बीमा बापतको सुविधाः** उपदफा (१) बमोजिमको बीमा बापतको सुविधा र सोको भुक्तानी प्रचलित कानून बमोजिम हुनेछ ।

(४) बिमा सम्वन्धि व्यवस्थालाई व्यवस्थित गर्न मन्त्रालयले छुट्टै कार्यविधि बनाई लागू गर्नेछ ।

**(५) सुरक्षा सावधानी अपनाउनु पर्नेः** यस कार्यक्रम अन्तर्गतका रोजगार आयोजनाहरुमा रोजगारीमा लगाउँदा आयोजनाले श्रमिकको सुरक्षाका लागि आवश्यक सावधानी अपनाउनु पर्नेछ ।

(६) **प्राथमिक उपचार बाकस राख्नुपर्नेः** हरेक आयोजना स्थलमा आयोजना प्रमुखले श्रमिकको प्राथमिक तथा आकस्मिक उपचारका लागि आवश्यक पर्ने आधारभूत सामाग्री र औषधी भएको प्राथमिक उपचार बाकस राख्ने व्यवस्था मिलाउनु पर्नेछ । यसका लागि आवश्यक स्रोतको व्यवस्था सम्बन्धित आयोजनामा विनियोजित बजेटबाटै गर्नु पर्नेछ ।

८८. **रोजगार व्यवस्थापन सूचना प्रणालीः** (१) **रोजगार व्यवस्थापन सूचना प्रणालीको स्थापना गरिनेः** यस कार्यक्रमको सूचना तथा तथ्याङ्क व्यवस्थित गर्न मन्त्रालयले कम्प्युटरमा आधारित रोजगार व्यवस्थापन सूचना प्रणालीको स्थापना गरी सञ्चालन गर्नेछ । यस्तो रोजगार व्यवस्थापन सूचना प्रणालीको केन्द्रीय सर्भर मन्त्रालयमा रहनेछ ।

(२) **सूचना तथा तथ्याङ्क अद्यावधिक राख्नु पर्नेः** यस दफा बमोजिम स्थापना गरिएको रोजगार व्यवस्थापन सूचना प्रणालीलाई प्रदेशको सम्बन्धित मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालयहरु र प्रत्येक स्थानीय तहमा रहने रोजगार सेवा केन्द्रसम्म विस्तार गरिनेछ । यस कार्यक्रमसँग सम्बन्धित सबै प्रकारका सूचना तथा तथ्याङ्कलाई हरेक रोजगार सेवा केन्द्रले नियमित रुपमा रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरी अद्यावधिक राख्नु पर्नेछ ।

(३) **रोजगार व्यवस्थापन सूचना प्रणालीको प्रयोग गर्नुपर्नेः** गाउँ कार्यपालिकाको कार्यालय वा नगर कार्यपालिकाको कार्यालय, प्रदेशको सम्बन्धित मन्त्रालय, मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयले यो कार्यक्रमको सूचना संकलन वा प्राप्ती, प्रगति प्रतिवेदन, तथ्याङ्कको सार्वजनिकीकरण र भूक्तानी गर्न रोजगार व्यवस्थापन सूचना प्रणालीको प्रयोग अनिवार्य रुपमा गर्नु पर्नेछ ।

(४) **करारमा कर्मचारी लिई काममा लगाउन सक्नेः** रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास, स्थापना र सञ्चालन गर्न मन्त्रालयले आवश्यकता अनुसार प्राविधिक कर्मचारी नियमानुसार करारमा लिई काममा लगाउन सक्नेछ ।

८९. **प्राविधिक सहायता लिन सक्नेः** मन्त्रालयले अर्थ मन्त्रालयको सहमतिमा विभिन्न विकास साझेदार संस्था तथा मुलुकहरुबाट यो कार्यक्रमको तर्जुमा, प्रवर्द्धन, कार्यान्वयन र अनुगमन तथा मूल्यांकनका लागि आवश्यक पर्ने प्राविधिक सहायता लिन सक्नेछ ।

९०. **नीतिगत निर्णय, निर्देशन र समन्वयः** (१) यस कार्यक्रमको सम्बन्धमा आआफ्नो क्षेत्राधिकार भित्र आवश्यक नीतिगत निर्णय गर्ने, निर्देशन दिने र समन्वय गर्ने जिम्मेवारी संघ, प्रदेश र स्थानीय तहमा रहने निर्देशक समितिहरुको हुनेछ ।

(२) संघमा विषयगत मन्त्रालयहरु बीचमा कार्यक्रमको कार्यान्वयनका सम्बन्धमा आवश्यक समन्वय र सहकार्य गर्न मन्त्रालयले कार्यक्षेत्रगत शर्त र कार्यविधि तोकी मन्त्रालयको सचिवको अध्यक्षतामा सम्बन्धित मन्त्रालयका योजना महाशाखा प्रमुख सदस्य रहने एक अन्तर मन्त्रालय समन्वय समिति गठन गर्न सक्नेछ ।

९१. **सम्झौता गर्न सक्ने:** मन्त्रालयले यो कार्यक्रम कार्यान्वयन पूर्व प्रदेशको सम्बन्धित मन्त्रालय र गाउँ कार्यपालिका वा नगर कार्यपालिकाहरुसँग पारस्परिक सहयोग, सहकार्य र समन्वय कायम गर्न आवश्यक सम्झौता गर्न सक्नेछ ।

९५. **बाधा अड्काउ फुकाउन र व्याख्या गर्न सक्ने:** मन्त्रालयले ऐन, नियमावली र यो निर्देशिका बिपरित नहुने गरी यस निर्देशिकाको कार्यान्वयनमा वा कार्यक्रम सञ्चालनमा आइपर्ने बाधा अड्काउ फुकाउन वा कुनै द्विविधा परेमा व्याख्या गर्न सक्नेछ ।

९६. **अनुसूचीमा हेरफेर गर्न सक्ने:** मन्त्रालयले यस निर्देशिकाको अनुसूचीहरुमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

अनुसूची १

(प्रधामन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

## बेरोजगार दर्ताका लागि दिने निवेदन

(मिति /2077०३ 30/ गते मा .मन्त्रीस्तरको निर्णायानुसार संसोधित)

श्री वडा कार्यालय, मितिः ...........................

वडा नं ..... नगरपालिका / गाउँपालिका ..........................................., ..................................... जिल्ला

रोजगारीको हक सम्बन्धि ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम मैले न्यूनतम रोजगारीको अवसर नपाएको र म तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नभएको हुँदा नेपाल सरकार स्थानीय तहद्वारा संचालित न्यूनतम / प्रदेश सरकार / रोजगार कार्यक्रममा संलग्न हुन देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु ।

१. **नाम, थरः** ..................................................................................................

२. **लिङ्गः** (कुनै एकमा √ लगाउनुहोस ) क) पुरुष ख) महिला ग) अन्य

३. **पारिवारिक विवरणः**

(अ) **वर्ग / समूह** : (तपाईं आफूलाई कुन वर्ग / समूहमा राख्न रुचाउनु हुन्छ ? कुनै एकमा √ लगाउनुहोस)

| क) आदिबासी जनजाती | ख) दलित | ग) वैश्य | घ) मुसलमान | ङ) ब्राह्मण | च) क्षेत्री | छ) मधेशी | ज) अन्य ......... |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

(आ) **अल्पसंख्यक समूदाय** (कुनै एकमा √ लगाउनुहोस्): हो होइन

(इ) **लोपोन्मुख जनजाती** (कुनै एकमा √ लगाउनुहोस्): हो होइन

(ई) **सीमान्तकृत वर्ग** (कुनै एकमा √ लगाउनुहोस्): हो होइन

(यदि (ई) मा उत्तर 'हो' भने, अतिसीमान्तकृत वर्गको हो? ) हो होइन

(उ) **परिवारको संख्याः**

१. **महिलाः** ................. **पुरुषः** ................. **अन्यः** ................. **जम्माः** ..........................

२. १८ देखि ५९ वर्ष उमेर समूहको सदस्य संख्याः ..........................

(ऊ) **परिवारमा अपाङ्गता भएका सदस्य** (कुनै एकमा √ लगाउनुहोस): छ छैन

(यदि उत्तर 'छ' भन्ने भएमा देहायको विवरण उल्लेख गर्नुहोस् । 'छैन' भने तथा आवेदक महिला भएमा 'ए' को उत्तर दिनुहोस् । यदि आवेदक पुरुष या अन्य भएमा प्रश्न नं. ४ को उत्तर दिनुहोस् )

१. नामः ............................................. उमेरः ............ अशक्तताको प्रकृतिः पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य
२. नामः ............................................. उमेरः ............ अशक्तताको प्रकृतिः पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य
३. नामः ............................................. उमेरः ............ अशक्तताको प्रकृतिः पुर्ण अशक्त / अति अशक्त / मध्यम / सामान्य

(ए) निवेदक महिला भएमा, गर्भवती वा सुत्केरी भएको महिला हो ? [ ] हो [ ] होइन

(यदि 'हैन' भने प्रश्न ४ मा जानुहोस् । यदि 'हो' भने देहायको प्रश्नको उत्तर दिनु होस् )

गर्भवती: .................. महिना वा सुत्केरी भएमा :.................... महिना

४. स्थायी ठेगाना: प्रदेश: .......................... जिल्ला: ................................ न.पा. / गा.पा.: ......................... वडा नं.: .........

५. सम्पर्क विवरण (उपलव्ध भए सम्म) मोबाइल नं. ............................................... इमेल: ...........................................

६. आवेदकको मुख्य पेशा (कुनै एकमा मात्र √ लगाउनुहोस् ):

| क्र.सं. | पेशा | | क्र.सं. | पेशा | |
|---|---|---|---|---|---|
| क) | कृषि तथा पशुपालन | | ख) | गृहणी (महिला भएमा मात्र) | |
| ग) | विद्यार्थी (अध्ययनरत भएमा मात्र) | | घ) | ज्याला मजदुरी | |
| ङ) | बेरोजगार | | च) | उद्योग तथा व्यापार | |
| छ) | नोकरी तथा जागीर | | ज) | वैदेशिक रोजगारी | |
| झ) | व्यावसायिक कार्य | | ञ) | अन्य ........................................ | |

७. निवेदक चालु आ. व. मा रोजगारीमा संलग्न दिन संख्या : ........................................... दिन

८. निवेदकले चालु आ.व. मा कूल रोजगारी वा स्वरोजगारीबाट प्राप्त गरेको आम्दानी रकम: रु. ................................

९. आवेदक कृषिमा आश्रित परिवारको सदस्य हो? (कुनै एकमा √ लगाउनुहोस) [ ] हो [ ] होइन

(यदि उत्तर 'होइन' भएमा प्रश्न १० मा जाने । यदि उत्तर 'हो' भएमा देहायको प्रश्नको उत्तर दिनु होस् )

क) कृषि उत्पादनले कति महिना खान पुग्दछ ? .............................. महिना

१०. बसोबासका लागि आफ्नै घर: (कुनै एकमा √ लगाउनुहोस) [ ] भएको [ ] नभएको

११. निवेदकको घरमूली एकल महिला हो? (कुनै एकमा √ लगाउनुहोस) [ ] हो [ ] होइन

१२. निवेदक शहिद परिवार या बेपत्ता परिवारको सदस्य हो? (कुनै एकमा √ लगाउनुहोस) [ ] हो [ ] होइन

१३. परिवारमा काम गर्ने उमेर समूह (१८ देखी ५९ वर्ष) को र काम गर्न सक्ने शारीरिक अवस्था भएको परिवारको सदस्य (कुनै एकमा √ लगाउनुहोस) [ ] छ [ ] छैन

(यदि उत्तर 'छैन' भने कारण खुलाउनुहोस् । कारणहरु ....................................................... .....................................

...................................................... ............................................... .............................. ........................ ............

...................................................... ............................................... .............................. ........................ ............)

१४.  परिवारको सदस्य र रोजगारीको अवस्था (निवेदक सहित):

| क्र. सं. | नाम | निवेदकसँगको नाता | नागरिकता / राष्ट्रिय परिचय पत्रको विवरण | | | जन्म मिति | शैक्षिक योग्यता (निरक्षर / साक्षर / आधारभूत / माध्यमिक / उच्च माध्यमिक / स्नातक या सो भन्दा बढि) | स्वदेश तथा विदेशमा रोजगार या स्वरोजगारमा संलग्न? | सामाजिक सुरक्षा कोष वा अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता या आम्दानी? |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नंबर | जारी मिति | जारी जिल्ला | | | छ / छैन | लिइरहेको / नरहेको |
| १ | | (निवेदक) | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |

(निवेदनको बुँदा (३) (उ) अनुसारको सबै परिवारको संख्याको विवरण उल्लेख गर्नु पर्नेछ । फाराममा परिवारको संख्या अनुसार रो थपघट गर्न सकिनेछ।)

१५.  परिवारको वार्षिक आय: रु. ...................................... (अक्षरेपी ...................................................................................................................................)

१६.  कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक पुर्वाधार विकासको निर्माण तथा मर्मत कार्यमा संलग्न हुन ईच्छुक हुनु हुन्छ ? (कुनै एकमा √ लगाउनुहोस)

(यदि उत्तर 'छैन' भएमा बुँदा २० मा जानुहोस् )  छ  छैन

१७. सीपको विवरण:

| सीपको विवरण | दक्ष / अर्धदक्ष / अदक्ष |
|---|---|
| | |
| | |

१८. काममा खटिन चाहेको सम्भावित समय: ............................ महिना देखि .......................... महिना सम्म

१९. बैंक खाताको विवरण (उपलव्ध भएमा) बैंकको नाम: ..............................................................

बैंकको ठेगाना: .......................................... खाता नंबर: ..............................................खाताको प्रकार: .................

.20 निवेदक चालु आर्थिक वर्षको सूचिकृत बेरोजगार हो? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

(यदि उत्तर 'होइन' भएमा प्रश्न २१ मा जाने । यदि उत्तर 'हो' भएमा देहायको प्रश्नको उत्तर दिनु होस्।)

क) लाभग्राही परिचय पत्र नंबर ................................................................

२१. निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिइ वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति हो? (कुनै एकमा √ लगाउनुहोस) [ हो ] [ होइन ]

(यदि उत्तर 'होइन' भएमा प्रश्न २२ मा जाने । यदि उत्तर 'हो' भएमा देहायको प्रश्नको उत्तर दिनु होस् )

देश ........................................................... पासपोर्ट नं ..................................... .

विदेशमा गरेको कामसंग सम्बन्धित सीप ..........................................................................................
...........................................................................................................................................................
...........................................................................................................................................................

२२. उपरोक्त बमोजिमको विवरणहरु साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला / बुझाउँला भनि सहिछाप गर्ने ।

निवेदकको नाम: ............................................ मिति: ............................................... हस्ताक्षर ....................................

[ ] [ ]

दायाँ बाँया

---

[कार्यालय प्रयोजनको लागि]

निवेदन दर्ता मिति: ....................................................

उपरोक्त विवरणहरु पूर्ण तथा सहि छन् भनि प्रमाणित गर्ने वडा अध्यक्ष

नाम: ......................................................        हस्ताक्षर ..........................................

## अनुसूची २
### (दफा १८ को उपदफा (४) सँग सम्बन्धित)
## <u>लाभग्राही परिचयपत्र</u>

### पहिलो पाना

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
............................. प्रदेश, .................... जिल्ला
..........................गाउँपालिका/नगरपालिका

परिचयपत्र नं. ........ पारिवारिक संकेत नं.............

**लाभग्राही परिचयपत्र**

फोटो

नाम :

ठेगाना :

नागरिकता/राष्ट्रिय परिचयपत्र नं.

परिचयपत्र जारी मिति :

प्रमाणित गर्ने कर्मचारीको हस्ताक्षर

### दोश्रो पाना

**पारिवारीक विवरण**

| संकेत नम्वर | नाम | लाभग्राहीसँगको नाता | नागरिकता प्रमाणपत्र नंबर | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

### तेश्रो पाना

**<u>रोजगारीको विवरण:</u>**

| काम गरेको आयोजनाको नाम | अवधि | | कामको प्रकृति | प्रमाणित गर्ने आयोजना प्रमुख | दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|

## चौथो पाना

रोजगार आयोजनामा काम गर्दा प्रत्येक श्रमिकले देहाय अनुसारको आचरण र अनुशासनको पालना गर्नु पर्नेछः

(क) समयको पालना गर्ने,

(ख) समूहमा मिलेर काम गर्ने,

(ग) सुपरिवेक्षकको निर्देशन बमोजिम कार्य गर्ने,

(घ) असल आचरण र अनुशासन कायम गर्ने,

(ङ) कार्यस्थलमा आयोजनाले उपलब्ध गराएका सुरक्षा सामाग्रीहरु लगाउने,

(च) आयोजना स्थलमा खटिएको प्राविधिकले दिएको निर्देशन बमोजिम कार्यस्थल सुरक्षाका उपायहरुको अवलम्बन गर्ने,

(छ) कार्य समयमा कार्यस्थलमा मदिरा सेवन नगर्ने तथा मदिरा सेवन गरी उपस्थित नहुने,

(ज) कार्यस्थलमा सहकर्मीसँग वा अन्य कुनै व्यक्तिसँग झैझगडा नगर्ने नगराउने,

(झ) कार्यस्थलमा साम्प्रदायिक सद्भाव विथोलिने खालका कुनै व्यवहार नगर्ने नगराउने,

(ञ) कार्यस्थलमा लैंगिक, जातीय, क्षेत्रीय, धार्मिक, सांस्कृतिक तथा यौनजन्य हिंसा र विभेद नगर्ने नगराउने ।

**अनुसूची ३**
**(दफा २० को उपदफा (१) सँग सम्बन्धित)**

# <u>रोजगारमूलक आयोजनाले रोजगार सेवा केन्द्रमा श्रमिक माग गर्ने फाराम</u>

श्री रोजगार सेवा केन्द्र, मिति :
..............................गाउँपालिका/नगरपालिका, ...................... ।

............................जिल्ला....................................गाउँपालिका/नगरपालिकामा अवस्थित ..................... आयोजनालाई.......................जिल्ला.........................गाउँपालिका/नगरपालिका वडा नं................ मा काम गर्न तपसिल बमोजिमका श्रमिकहरु आवश्यक भएकोले त्यहाँ बेरोजगार सूचीमा रहेका व्यक्तिहरु मध्येबाट श्रमिक उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु ।

१. आयोजनाको नाम र ठेगाना :
२. आयोजना सञ्चालन गर्ने निकाय :
३. काम गर्नुपर्ने क्षेत्र : ..............................(वन, कृषि, निर्माण, अन्य........)
४. आवश्यक श्रमिकको प्रकृति

| क.सं. | श्रमिकको पद | आवश्यक संख्या | | कार्यविवरण छोटकरीमा | आवश्यक न्यूनतम योग्यता र सीप | काम उपलब्ध हुने समयावधि (दिनमा) |
|---|---|---|---|---|---|---|
| | | दक्ष | अदक्ष | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आयोजना प्रमुखको दस्तखत :

कार्यालयको छाप :

मिति :

## अनुसूची ४
### (दफा २३ सँग सम्बन्धित)
### निजी तथा गैरसरकारी संस्थाहरुले रोजगार सेवा केन्द्रमा श्रमिक माग गर्ने फाराम

श्री रोजगार सेवा केन्द्र मिति :

..............................गाउँपालिका/नगरपालिका, ......................।

............................जिल्ला...............................गाउँपालिका/नगरपालिकामा अवस्थित मेरो ..................................कम्पनी/उद्योग/व्यवसाय/फर्मलाई........................जिल्ला.................. गाउँपालिका/नगरपालिका वडा नं...... मा काम गर्न तपशिल बमोजिमका श्रमिकहरु आवश्यक भएकोले त्यहाँ बेरोजगार सूचीमा रहेका व्यक्तिहरु मध्येबाट उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु ।

१. रोजगारदाताको नाम र ठेगाना :
२. सम्पर्क नम्बर ......................... ई-मेल ..............................................
३. रोजगारदाताको उद्योग/व्यवसायको प्रकृति : उत्पादनमूलक/सेवामूलक
४. काम गर्नुपर्ने क्षेत्र : ........................................
५. आवश्यक श्रमिकको प्रकृति : दक्ष/अर्धदक्ष/अदक्ष

**६. आवश्यक श्रमिक सम्बन्धी विवरण:**

| क्र.नं. | श्रमिकको पद | आवश्यक संख्या | कार्यविवरण छोटकरीमा | आवश्यक न्यूनतम शैक्षिक योग्यता, अनुभव र सीप | काम उपलब्ध हुने समयावधि (दिनमा खुलाउने) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

रोजगारदाताको दस्तखत :

कार्यालयको छाप

**अनुसूची ५**
**(दफा ३० सँग सम्बन्धित)**

## श्रमिक समूहको कार्य सुपरीवेक्षण प्रतिवेदन

**मिति :**

**श्री रोजगार सेवा केन्द्र**
**............................गाउँपालिका/नगरपालिका, ........................... ।**

**विषय : सुपरीवेक्षण प्रतिवेदन पेश गरेको सम्बन्धमा ।**

प्रस्तुत विषयमा देहाय बमोजिमको आयोजनामा खटाइएका श्रमिकका समूहहरुको कामको तपसिल बमोजिमका पक्षहरुको सुपरीवेक्षण गरी यो प्रतिवेदन पेश गरेको छु ।

१. आयोजनाको नाम र स्थान : ..........................................
२. गाउँपालिका/नगरपालिका..........................................३. वडा नं. ............
४. आयोजना सञ्चालन गर्ने निकाय : .......................................................
५. खटाइएको श्रमिकको संख्या : ................ ६. श्रमिक समूह........................
७. कार्यका विभिन्न पक्षहरुको सुपरीवेक्षण:

| **क्र.नं.** | **सुपरिवेक्षणका आधारहरु** | **उपलब्धीको स्तर** | | |
|---|---|---|---|---|
| | | **उत्तम** | **मध्यम** | **न्यून** |
| १. | रोजगार आयोजनाको प्राविधिक उपयुक्तता र गुणस्तर | | | |
| २. | श्रमिको आन्तरिक व्यवस्थापन, कार्यस्थल सुरक्षा र प्राथमिक उपचारको व्यवस्था | | | |
| ३. | आयोजनाको लक्ष्यको तुलनामा सम्पादित कामको परिमाण | | | |
| ४. | आयोजनाले रोजगारी सिर्जना गरेको श्रमिकको संख्या | | | |
| ५. | आयोजनाले रोजगारी सिर्जना गरेको कार्यदिन | | | |

८. कमजोरी, कमजोरीका कारण र सुझाव

| **क्र.सं.** | **कमजोरी** | **कमजोरीका कारणहरु** | **सुधारका लागि पृष्ठपोषण** |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

९. सुपरीवेक्षकको धारणा: ...............................................................

प्रतिवेदकको नाम, थर :
पद तथा कार्यालय :

**अनुसूची ६**
**(दफा ३७ को उपदफा (१) सँग सम्बन्धित)**
**<u>तालिम लिने प्रशिक्षार्थी बेरोजगार व्यक्तिको कबुलियतनामा</u>**

| |
|---|
| फोटो |

लिखितम् ......................बस्ने............................ को छोरा/छोरी .................................. को नाति/नातिनी वर्ष............. को............................................... ले ...................................... प्रतिष्ठानमा .............. महिना तालीम प्राप्त गरे पश्चात तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही कम्तीमा तीन वर्षसम्म सोही प्रतिष्ठानले उपलब्ध गराएको मेरो योग्यता र सीप अनुसारको काम गर्नेछु । यदि यस कबुलियतनामा बमोजिमको शर्त पालना नगरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

**<u>तपसिल :</u>**

१. उपलब्ध गराइएको तालीम तोकिएको मिति, स्थान र समयमा गई अनुशासित तथा जिम्मेवारीपूर्ण ढंगबाट लिनेछु ।
२. आफ्नो योग्यता र सीप बढाउन तालीमबाट सिकेका कुराहरुलाई उपयोग गर्नेछु ।
३. शारीरिक अपाङ्गता वा अशक्तता भएको अवस्थामा बाहेक तालीम प्राप्त गरे पश्चात काम गर्न नसक्ने गरी कम्तीमा तीन वर्षसम्म सोही प्रतिष्ठानले उपलब्ध गराएको मेरो योग्यता र सीप अनुसारको नियमित काम गर्नेछु ।

तालीम प्राप्त गर्ने व्यक्तिको दस्तखत :

| औठा छाप | |
|---|---|
| दायाँ | बाँया |
| | |

| | |
|---|---|
| | |

ईति सम्वत् २०... महिना........गते........रोज...............शुभम् ।

**अनुसूची ७**

**(दफा ३७ को उपदफा (२) सँग सम्बन्धित)**

## वित्तिय प्रोत्साहन लिने प्रतिष्ठानले गर्नुपर्ने कबुलियतनामा

लिखितम् जिल्ला...........................गाउँपालिका/नगरपालिका ....................... वडा नं.......... स्थित ................................................................ प्रतिष्ठानको तर्फबाट अख्तियार प्राप्त म/हामी ................................................ ले देहायको विवरण भएका श्रमिकहरुलाई यस प्रतिष्ठानमा मिति .......................... गतेदेखि .............................. गतेसम्म सञ्चालन हुने ........ महिने तालीम उपलब्ध गराई तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही कम्तीमा तीन वर्षसम्म निजहरुलाई निजहरुको योग्यता र सीप अनुसारको नियमित रोजगारी उपलब्ध गराउन तयार छु/छौं । यदि यस कबुलियतनामा बमोजिमको शर्त पालना नगरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

**शर्तहरु :**

१. तोकिएको मिति, स्थान र समयमा तालीम उपलब्ध गराउनेछु ।

२. तालीम अवधि भर तोकिएको पारिश्रमिक उपलब्ध गराउनेछु ।

३. तालीम प्राप्त गरे पश्चात प्रशिक्षार्थी श्रमिकलाई कम्तीमा तीन वर्षसम्म यही प्रतिष्ठानमा उपलब्ध निजको योग्यता र सीप अनुसारको नियमित रोजगारी उपलब्ध गराउनेछु ।

| क्र.नं. | श्रमिकको नाम, थर | ठेगाना | लाभग्राही परिचयपत्र नं. | तालिमको प्रकृति | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |

अख्तियार प्राप्त व्यक्तिको (प्रतिष्ठानको तर्फबाट)

दस्तखत :

| प्रतिष्ठानको छाप |
| --- |
| |

ईति सम्वत् २०... महिना........गते........रोज..............शुभम् ।

## अनुसूची ८
## (दफा ५० को उपदफा (१) सँग सम्बन्धित)
## <u>करार सम्झौता</u>

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (यसपछि पहिलो पक्ष भनिएको) र ....................जिल्ला, ....................गाउँपालिका/नगरपालिका, वडा नं. ..... मा बस्ने श्री ................................................ ( यसपछि दोश्रो पक्ष भनिएको) का बीच ..........................गाउँपालिका/नगरपालिकाको रोजगार संयोजकको कामकाज गर्न गराउन मिति .................. को निर्णय अनुसार देहायका कार्य/शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं :

**१. कामकाज सम्बन्धमा** : दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकता अनुसार थप काम गर्नु पर्नेछ।
**२. काम गर्नु पर्ने स्थान :** ..............................................................................................।
**३. पारिश्रमिक :** प्रत्येक महिना व्यतित भएपछि पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु. .................. (अक्षरेपी रु. ..................................................................) पारिश्रमिक उपलब्ध गराउनेछ।
**४. आचरणको पालना :** दोश्रो पक्षले ................. प्रचलित कानूनमा व्यवस्था भए बमोजिम कर्मचारीले पालना गर्नुपर्ने आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ।
**५. बिदा :** दोस्रो पक्षलाई सार्वजनिक बिदा र रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५ ले व्यवस्था गरेका बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन। साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ।
**६. कार्यालय सम्पत्तिको सुरक्षा :** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ।
**७. गोप्यता:** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ।
**८. करार अवधि :** यो करार मिति ................देखि लागु भई मिति ....................... सम्मको लागि हुनेछ।
**९. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य** : दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन। दोश्रो पक्षले शारीरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसँगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखी काम लगाउन बाधा पर्ने छैन।
**१०. दाबी नपुग्ने :** दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्त हुनाका लागि दाबी गर्न पाउने छैन/गर्ने छैन।
**११. प्रचलित कानून लागू हुने** : यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

**<u>मन्त्रालयको तर्फबाट :</u>**
हस्ताक्षरः
नामः
पदः

**<u>दोस्रो पक्ष (करार गर्ने व्यक्ति):</u>**
हस्ताक्षरः
नामः
ठेगानाः

कार्यालयको छापः

## अनुसूची ९
## (दफा ५० को उपदफा (२) सँग सम्बन्धित)
## <u>कार्यसम्पादन सम्झौता</u>

..............................................गाउँपालिका/नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री ................ (यसपछि प्रथम पक्ष भनिने) र ..............................................गाउँपालिका/नगरपालिका स्थित रोजगार सेवा केन्द्रका रोजगार संयोजक श्री ................ (यसपछि दोस्रो पक्ष भनिने) बीच भएको

**<u>कार्यसम्पादन सम्झौता</u>**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तथा रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५ ले परिलक्षित गरे बमोजिम रोजगार संयोजकको भूमिकालाई अझ वढी सक्षम, सदृढ, सेवामुलक र उत्तरदायी वनाई रोजगार सेवा केन्द्रको परिणाममुखी व्यवस्थापन र सञ्चालन गर्न समग्र सेवा प्रवाहलाई सुधार गर्दै नतिजामा आवद्ध गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति ......... चलानी नं. ........ को पत्रका आधारमा देहायका शर्तहरुको अधीनमा प्रथम पक्षले काममा लगाउन र दोस्रो पक्ष कार्यसम्पादन गर्न मन्जुर भएकाले यो कार्य सम्पादन संझौता गरी एक/एक प्रति आपसमा बुझी लियौं दियौं ।

<u>तपसिल</u>

**<u>कार्य सम्पादन सम्झौताका शर्तहरुः</u>**

१. दोस्रो पक्षले रोजगार संयोजकको पदपूर्ति र सेवासुविधा सम्बन्धी मापदण्ड, २०७५ को दफा १७ मा तोकिए बमोजिमका कार्यहरु र प्रथम पक्षले उपलब्ध गराएको कार्यविवरणमा उल्लेखित कार्यहरु सम्पादन गर्नु पर्नेछ ।

२. दोस्रो पक्षले शर्तको बुँदा नं. १ बमोजिमका कार्यहरु सम्पादन गर्दा नीतिगत र सारभूत विषयहरुको हकमा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाबाट आवश्यक निर्णय गराई गर्नु पर्नेछ ।

३. यो सम्झौता रोजगार संयोजकको पदपूर्ति र सेवासुविधा सम्बन्धी मापदण्ड, २०७५ को दफा १८ मा व्यवस्था भएको अवधिसम्म कायम रहनेछ ।

४. दोस्रो पक्षले यो सम्झौता भएको मितिले १५ दिनभित्र शर्तको बुँदा नं. १ बमोजिम तोकिएका कार्यहरुका आधारमा चौमासिक कार्ययोजना बनाइ स्वीकृतिका लागि प्रथम पक्षसमक्ष पेश गर्नु पर्नेछ ।

५. दोस्रो पक्षको कार्यसम्पादनको मूल्यांकन प्रथम पक्षबाट चौमासिक रुपमा हुनेछ । मूल्यांकन सम्बन्धी अन्य व्यवस्था रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५ को दफा १९ बमोजिम हुनेछ ।

६. दोस्रो पक्षका सेवाका शर्त, सुविधा तथा अन्य व्यवस्थाहरु रोजगारीको हक सम्बन्धी नियमावली, २०७५, रोजगार संयोजकको पदपूर्ति तथा सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम हुनेछ ।

७. दोस्रो पक्षले प्रचलित कानून विपरीत नहुने गरी कार्यसम्पादन गर्नु पर्नेछ ।

मिति :

यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| .................................... | .................................... |
| (प्रमुख प्रशासकीय अधिकृतको नाम) | (रोजगार संयोजकको नाम) |
| (पद) | रोजगार संयोजक |
| .................... गाउँकार्यपालिका/नगरकार्यापालिकाको कार्यालय | ..............गाउँपालिका/नगरपालिका |

## अनुसूची १०
### (दफा ५० को उपदफा (३) सँग सम्बन्धित)
## कार्यसम्पादन मूल्यांकन

रोजगार संयोजकको चौमासिक कार्य सम्पादन मूल्याङ्कन फाराम
मूल्यांकनको अवधि : ................................ देखि .....................सम्म

विवरण पेश गरेको कार्यालयः ................... गाउँ कार्यपालिका/नगर कार्यपालिका दर्ता नं.: मिति :
रोजगार संयोजकको नाम:
नियुक्ती मितिः
प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरेको मितिः

| **रोजगार संयोजकले भर्ने** | | | | | |
|---|---|---|---|---|---|
| **कार्य विवरण र बार्षिक कार्यक्रम बमोजिमका कार्यहरु** | | **चौमासिक लक्ष्य** | **सम्पादित कार्यको प्रगति** | **लक्ष्य अनुसार कार्य सम्पन्न हुन नसकेका भए सो को कारण** | **कैफियत** |
| (क) | गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र रहेका बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण गरी बेरोजगार व्यक्तिको सूची अद्यावधिक राख्ने | | | | |
| (ख) | सूचीकृत बेरोजगार व्यक्तिहरुलाई लाभग्राही परिचयपत्र वितरण गर्ने | | | | |
| (ग) | गाउँ/नगरपालिका क्षेत्रभित्रको संभाव्य रोजगारीको स्थिति विश्लेषण गरी रोजगारीको तथ्याङ्क संकलन गर्ने, रोजगार नक्शांकन (Employment Mapping) गर्ने तथा रोजगारीका अवसरहरुको अभिलेखांकन गर्ने | | | | |
| (घ) | विभिन्न रोजगार आयोजनाहरुबाट माग भए बमोजिम सूचीकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारीका लागि खटाउने | | | | |
| (ङ) | गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गर्ने | | | | |
| (च) | रोजगारदाताका लागि श्रमिकको उपलब्धताको सम्भाव्यता जानकारी गराउने तथा माग भई आएको अवस्थामा रोजगारदातालाई बेरोजगार व्यक्तिको सूचीबाट श्रमिक उपलब्ध गराउने | | | | |
| (छ) | बेरोजगार व्यक्तिहरुको ज्ञान, सीप तथा | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गर्ने | | | | |
| (ज) | रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरु मध्ये न्यूनतम रोजगारी प्राप्त गर्ने, रोजगारमूलक तथा सीपमूलक तालीम प्राप्त गर्ने, निजी क्षेत्रको रोजगारीमा सहभागि हुने तथा स्वरोजगार हुने व्यक्तिहरुको विवरण अद्यावधिक गर्ने | | | | |
| (झ) | आफ्ना कामकारवाहीको बारेमा नियमित रुपमा सम्बन्धित गाउँ/नगर कार्यपालिकामा प्रतिवेदन गर्ने | | | | |
| (ञ) | प्रधानमन्त्री रोजगार कार्यक्रम र रोजगारी सम्बद्ध अन्य विषयमा मन्त्रालयमा र प्रदेशको सम्बन्धित मन्त्रालयमा रोजगार व्यवस्थापन सूचना प्रणालीमार्फत नियमित प्रतिवेदन गर्ने | | | | |
| (ट) | स्थानीय तहभित्रको वैदेशिक रोजगारीमा जाने तथा जान चाहनेहरुका लागि सूचना तथा परामर्श सेवा प्रदान गर्ने | | | | |
| (ठ) | वैदेशिक रोजगार प्रर्वद्धन बोर्डबाट उपलब्ध गराइने आर्थिक सहायता वितरण सम्बन्धी कार्यमा सहयोग पुऱ्याउने | | | | |
| (ड) | आन्तरिक रोजगारी प्रवर्द्धन गर्नमा संलग्न सार्वजनिक क्षेत्रभित्रका सरोकारवालाहरुलाई अन्य सेवा प्रदान गर्ने | | | | |
| आफ्नै पहलमा गरेका अन्य कार्यहरु | | | | | |
| (क) | | | | | |
| (ख) | | | | | |

रोजगार संयोजकको दस्तखत : ....................... मिति :

प्रमुख प्रशासकीय अधिकृतले भर्ने

| | | | | |
|---|---|---|---|---|
| कुल प्राप्तांक | अंकमा | | अक्षरमा | |
| मूल्यांकनको अवधि | | | | |

प्रमुख प्रशासकीय अधिकृतको नाम : मिति :

पद/श्रेणी :

कर्मचारी संकेत नं :

दस्तखत :

# अनुसूची ११

## (दफा ५२ को उपदफा (३) सँग सम्बन्धित)

## <u>दरबन्दी तेरिज र संगठन संरचना</u>

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

**आन्तरिक रोजगार व्यवस्थापन महाशाखा/प्रधानमन्त्री रोजगार कार्यक्रम**

सहसचिव, रा.प.प्र. (प्रशासन)-१

**कार्यक्रम व्यवस्थापन शाखा**

उपसचिव रा.प.द्वि. (प्र/सा.प्र.)-१
शा.अ. रा.प.तृ. (प्र/सा.प्र.)-२
ले.अ. रा.प.तृ. (प्र/ले.)-१
ना.सु. रा.प.अनं.प्र. (प्र/सा.प्र)-२
क.अ. रा.प.अनं.प्र. (विविध)-२*
का.स. (श्रेणी विहिन)-२*
ह.स.चा. (श्रेणी विहिन)-२*

**रोजगार सूचना शाखा**

उपसचिव रा.प.द्वि. (इ./क.ई..)-१
क.ई. रा.प.तृ. (ई/क.ई)-१
क.अ. रा.प.अनं.प्र. (विविध)-१*

**अनुगमन, मूल्यांकन तथा संचार शाखा**

उपसचिव रा.प.द्वि. (प्र/सा.प्र.)-१
शा.अ. रा.प.तृ. (प्र/सा.प्र.)-१
त.अ. रा.प.तृ. (आ.यो/त)-१
सञ्चार अधिकृत-१*

नोट : * कम्प्यूटर ईन्जिनियर, सञ्चार अधिकृत, कम्प्यूटर अपरेटर, कार्यालय सहयोगी र हलुका सवारी चालकका पदहरु अस्थायी हुनेछन् । यी पदहरुको दरबन्दी हरेक आर्थिक वर्ष प्रचलित कानून बमोजिम स्वीकृत गराई त्यस्ता पदका लागि आवश्यक कर्मचारी सेवा करारमा लिई काम लगाईनेछ ।

**अनुसूची १२**
**(दफा ७८ को उपदफा (३) सँग सम्बन्धित)**
**मञ्जुरीनामा**

लिखितम् हामी देहाय बमोजिमका परिवारका सदस्यहरु आगे हाम्रो परिवारलाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत प्राप्त हुने निर्वाह भत्ता बुझ्नको लागि देहाय बमोजिमको विवरण भएको हाम्रो परिवारको सदस्यलाई यो मञ्जुरीनामा दिई पठाएका छौँ । निजलाई उक्त निर्वाह भत्ता उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछौँ । यसमा हामीले पछि कुनै किसिमको दावी विरोध गर्ने छैनौ । गरे यसै मञ्जुरीनामाका आधारमा त्यस्तो दाबी विरोध बदर गरिदिएमा हाम्रो मञ्जुरी हुनेछ ।

परिवारको विवरण

| नाम,थर | निर्वाह भत्ता बुझ्ने व्यक्तिसँगको नाता | नागरिकता नं./राष्ट्रिय परिचयपत्र नं. | व्यक्तिको लाभग्राही परिचयपत्र नं. | हस्ताक्षर | औठा छाप | |
|---|---|---|---|---|---|---|
| | | | | | दाँया | बाँया |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**मञ्जुरीनामा पाउनेको**
**दस्तखत :**

**नाम :**
**ठेगाना :**
**नागरिकता नं :**
**परिवार संकेत नं. :**
**लाभग्राही परिचयपत्र नं. :**
**बैंक खाता नं.**

ईति सम्वत् २०... महिना........गते........रोज...............शुभम्

**अनुसूची १३**
**(दफा ७९ को उपदफा (१) सँग सम्बन्धित)**

## निर्वाह भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण

| पारिवारिक कोड नं.................... | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| परिवारको विवरण | | | | | | | |
| नाम,थर | निर्वाह भत्ता बुझ्ने व्यक्तिसँगको नाता | नागरिकता नं. | व्यक्तिको लाभग्राही परिचयपत्र नं. | रोजगारी पाएको दिनसंख्या | सार्वजनिक कोषबाट वा अन्य क्षेत्रबाट निवृत्तिभरण वा अन्य सुविधा प्राप्त गरेको/नगरेको | वैदेशिक रोजगारीमा गए/नगएको | वार्षिक आय |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**परिवारको तर्फबाट निर्वाह भत्ता बुझ्ने व्यक्तिको**
नाम, थर :
नागरिकता नं.
लाभग्राही परिचयपत्र नं.

**निर्वाह भत्ता बुझ्ने प्रयोजनको लागि**

| बैंकको नाम | शाखा कार्यालय | खाता नं. |
|---|---|---|
| | | |

**अनुसूची १४**

**(दफा ८४ को उपदफा (२) सँग सम्बन्धित)**

**.................. गाउँपालिका/नगरपालिका**

**सेवाग्राही सन्तुष्टि सर्वेक्षण फाराम**

१. प्रधानमन्त्री रोजगार कार्यक्रमबारे तपाईलाई जानकारी

क) छ ख) छैन

२. तपाईले प्रधानमन्त्री रोजगार कार्यक्रमको बारेमा कसरी जानकारी प्राप्त गर्नुभयो ?

क) संचार माध्यमबाट ख) रोजगार सेवा कन्द्रबाट ग) स्थानीय तहबाट घ) साथीभाईबाट ङ) अन्य.........................

३. यस कार्यक्रमबाट तपाईले कुन सेवा प्राप्त गर्न खोज्नुभएको हो ?

..........................................................................

४. यस कार्यक्रमबाट तपाईले प्राप्त गर्न खोज्नुभएको सेवा प्राप्त भयो वा भएन ?

क) भयो ख) भएन

प्राप्त नभएको भए प्राप्त नहुनुको कारण

......................................................................

५. बेरोजगार दर्ता प्रक्रियासँग तपाई सन्तुष्ट हुनुहुन्छ ?

क) छु ख) छैन

६. तपाईले यस कार्यक्रमबाट रोजगार प्राप्त गर्नुभयो ?

क) प्राप्त गरे ख) प्राप्त गरिन

प्राप्त नभएको भए प्राप्त नहुनुको कारण

......................................................................

प्राप्त भएको भए प्राप्त भएको दिन संख्या

.......................................................

प्राप्त भएको भए रोजगारको क्षेत्र क) सार्वजनिक ख) निजी ग) गैरसरकारी क्षेत्र

७. रोजगारी प्राप्त गर्नु पूर्व अभिमुखीकरण तालिम प्राप्त गर्नुभयो ?

क) गरे  ख) गरिन

८. कार्यस्थलमा भएको सुविधाबाट तपाई कति सन्तुष्ट हुनुहुन्छ?

क) छु  ख) छैन

सन्तुष्ट नभएको भए कारण .......................................................................................

९. रोजगार सेवा केन्द्रले प्रदान गर्ने सेवा प्रति सन्तुष्ट  हुहुन्छ ?

क) छु  ख) छैन

१०. तपाईको परिवारले निर्वाह भत्ता बापत रकम प्राप्त गऱ्यो ?

क) गऱ्यो  ख) गरेन

प्राप्त नभएको भए प्राप्त नहुनुको कारण

...........................................................................

११. बैंकिङ प्रणाली मार्फत निर्वाह भत्ता भुक्तानी हुने प्रक्रिया सहज छ ?

क) छ  ख) छैन

१२. प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत प्रदान गरिएको समग्र सेवाप्रति तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

क) धेरै  सन्तुष्ट छु  ख) ठिकै  सन्तुष्ट छु  ग) सन्तुष्ट छैन

१३. रोजगार सेवा केन्द्रले प्रदान गर्ने सेवालाई सहज बनाउन के गर्नुपर्ला ?

.......................................................